मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : १८० ★ ने. सं. ११४६ दिला थ्व, अष्टमी ★ बुधबार ★ ६ साउन, २०८३ ★ July 22 , 2026, Wednesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८




दक्षिण अमेरिकी देश इक्वेडरको राजधानी क्विटोमा स्थानीय समयअनुसार जुलाई २० सोमबारका दिन दक्षिणपन्थी सरकारको शिक्षाविरोधी कटौतीको नीतिविरुद्ध तथा आफ्नो श्रम अधिकार, सार्वजनिक शिक्षाको निम्ति बढी कोष र सामाजिक सुरक्षाको सुनिश्चितताको माग राखी एकदिने शैक्षिक हडतालमा उत्रेका शिक्षक तथा शैक्षिक कर्मचारीहरू । नयाँ राष्ट्रपति निर्वाचित भई दक्षिणपन्थी सरकार बनेपछि पहिले वामपन्थी सरकारले थालनी गरेका सामाजिक सुरक्षाका परियोजनाहरू र बजेट कटौती गरिएपछि शिक्षक र कर्मचारीहरू आन्दोलित भएका छन् ।

*तस्बिर : टेलिसुर*

# बाह्य शक्तिको चलखेल देशको निम्ति खतरा

काठमाडौँ, ५ साउन । बहुमत प्राप्त दलले सरकारको नेतृत्व गर्छ; गर्नुपर्छ । यसमा कुनै सन्देह छैन । तर, सत्तारुढ दलले पद र शक्तिको हुङ्कार देखाएर मनपरीतन्त्र शासन चलाउने होइन । लोकतान्त्रिक मूल्य र मान्यताअनुसार सत्तारुढ दलले देशको नेतृत्व सम्हाल्नुपर्छ । जसको दरबार उसको तरबार बनाएर जनताको समस्या पन्छाउने र शान्तिपूर्ण प्रदर्शनलाई दबाउने सरकारी नीति कहिले पनि प्रजातान्त्रिक हुने छैन । एकातिर देशमा जनताको असन्तोष बढ्दै छ भने अर्कोतिर सत्तारुढ दलभित्रै जिम्मेवार नेताहरूबिच विवाद बढ्दै छ । विवाद उत्कर्षमा पुगेर कुन दिन दलका नेताहरूबिच विस्फोट हुने हो ? निश्चित छैन ।

सत्तारुढ पार्टीका नेताहरू अहङ्कार भए; कोहीभन्दा कोही कम छैनौँ भनी आ-आफ्नो कमी कमजोरी औँल्याएर सुधार्ने पक्षमा छैनन् । जिम्मेवार नेताहरूको अहङ्कारले नै प्रधानमन्त्री बालेन र रास्वपा सभापति लामिछानेबिच विवादको दूरी बढेको रास्वपाभित्रै चर्चाको विषय बनेको छ । यी दुई नेताहरू कुनै न कुनै बाह्य शक्तिबाट सञ्चालित भएकोले पनि आ-आफ्नो अडानबाट पछि नहटेको हो कि भन्ने विश्लेषण छ । कति विश्लेषकहरू भन्छन्, रविलाई हिरो र बालेनलाई जिरो बनाउने हिन्दुस्तानको योजना छ । उनीहरू बालेन र रविलाई पर्दा पछाडिका शक्ति ठान्छन् । औपचारिक रूपमा कसैले नभने पनि व्यवहारमा रास्वपाभित्र गुट-उपगुट देखिएकोमा शङ्का छैन । पार्टीभित्र देखिएको गुट-उपगुटमा कसले कति भूमिका निवाृह गर्छ; यसमा बाह्य शक्तिको प्रभाव कति छ, त्यसले उनीहरूको पार्टीलाई कहाँ पुऱ्याउँछ भन्ने थाहा हुन्छ ।

रास्वपाको सरकारलाई अमेरिकी प्रशासनको घेराबन्दी बनाउन लागेको हो कि हिन्दुस्तानको योजनाअनुसार अघि

***बाँकी पृष्ठ २ मा***

# फोहोरमैला प्रशोधन केन्द्रको व्यवस्थापनबारे भक्तपुर नगरपालिका र चाँगुनारायण नगरपालिकाबिच सहमति



भक्तपुर, ५ साउन । भक्तपुर नगरपालिका वडा नं. १० सिलखेस्थित फोहोर प्रशोधन केन्द्रको व्यवस्थापनसँग सम्बन्धित विषयमा भक्तपुर नगरपालिका र चाँगुनारायण नगरपालिकाबिच सहमति भयो ।

छलफलले स्थानीय जनताको माग र भावनाबमोजिम फोहोरमैला व्यवस्थापन, गन्ध न्यूनीकरण गर्न आवश्यक व्यवस्था मिलाउने, फोहोर बोक्ने गाडी छोप्ने व्यवस्था गर्ने, फोहोरको गन्ध हटाउन केमिकल छर्कने र उक्त क्षेत्रको सडक सुधार गर्नेलगायतका आवश्यक कार्यहरू अगाडि बढाउने तथा अन्य साझा विषयहरूमा भक्तपुर नगरपालिका र चाँगुनारायण नगरपालिकाबिच सहमति र सहकार्य गरी अगाडि बढ्ने निर्णय गऱ्यो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिले फोहोर व्यवस्थापन सङ्घ, प्रदेश र स्थानीय सरकारको साझा जिम्मेवारी भएको बताउँदै भक्तपुरले आफ्नै क्षेत्रमा फोहोर व्यवस्थापन गर्ने उद्देश्यले घरघरबाट कुहिने र नकुहिने फोहोर छुट्याएर सङ्कलन गरिएको र फोहोरबाट जैविक मल उत्पादन गरी कृषकलाई सहुलियत दरमा बिक्री वितरण गर्दै आएको बताउनुभयो । उहाँले भक्तपुर नगरपालिकाले स्थानीयवासीको स्वास्थ्य, वातावरण संरक्षण र दीर्घकालीन हितलाई केन्द्रमा राखेर कुहिने र नकुहिने अलग अलग गरी फोहोर व्यवस्थापन गर्दै आएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "स्थानीयवासीका गुनासा, सुझाव र सरोकारलाई नगरपालिकाले गम्भीरतापूर्वक लिएको छ । फोहोर व्यवस्थापनलाई वैज्ञानिक, व्यवस्थित र वातावरणमैत्री बनाउँदै स्थानीयलाई असर नपर्ने गरी आवश्यक सुधार र व्यवस्थापन गर्दै अगाडि बढ्नेछौँ ।

भक्तपुरका प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काले फोहोर व्यवस्थापन देशकै चुनौतीपूर्ण विषय भएकोले यसलाई जिम्मेवारीपूर्वक र रचनात्मक ढङ्गबाट समाधान गर्नुपर्ने बताउनुभयो । उहाँले फोहोर व्यवस्थापनको क्रममा गन्ध न्यूनीकरणलाई प्राथमिकतामा राख्नुपर्ने उल्लेख गर्दै घटनालाई अतिरञ्जित नगरी सकारात्मक सुझावसहित रचनात्मक निष्कर्षमा पुग्न सबै पक्षलाई आग्रह गर्नुभयो ।

***बाँकी पृष्ठ २ मा***

भक्तपुर नगरपालिकाद्वारा संचालित

## ख्वप इन्जिनियरिङ्ग कलेज

(पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)

**शैक्षिक प्रदर्शनी अवलोकनका लागि अनुरोध**

आरोहण २.०

भक्तपुर नगरपालिकाद्वारा संचालित यस कलेजमा स्नातक तहको आर्किटेक्चर र इन्जिनियरिङ्ग शैक्षिक कार्यक्रमहरुमा अध्ययनरत विद्यार्थीहरुको सक्रियतामा मिति २०८३ साउन ७ र ८ गते हुने "AAROHAN 2.0 - National Exhibition" शैक्षिक प्रदर्शनी अवलोकनका लागि विद्यार्थी, शिक्षक, अभिभावक लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछौं ।

**शैक्षिक प्रदर्शनी कार्यक्रम :**
मिति : २०८३ साउन ७ र ८ गते, बिहीबार र शुक्रबार ।
समय : पहिलो दिन विहान ९:०० बजेदेखि दिनको ४:०० बजेसम्म ।
दोस्रो दिन विहान ८:०० बजेदेखि दिनको ३:०० बजेसम्म ।
स्थान : कलेज परिसर, लिबाली ।

***व्यङ्ग्यचित्रको कुनो***





भक्तपुर नगरपालिकाद्वारा सञ्चालित भनपा १० सिलखेस्थित फोहोरमैला प्रशोधन केन्द्रको व्यवस्थापन सम्बन्धमा वस्तुस्थिति बुझ्न मङ्गलबार भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसहित भक्तपुरका प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्का, भक्तपुर जिल्ला प्रहरी परिसरका प्रहरी उपरीक्षक सूर्यबहादुर खड्का, भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्व, भनपा वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यूँमिखा, भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईसहितको टोलीले उक्त स्थानमा स्थलगत निरीक्षण गऱ्यो ।

*तस्बिर : भनपा*

# देवीटारमा मजदुर भेला

भक्तपुर, ५ साउन । नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा मङ्गलबार सूनपा १० देवीटारमा मजदुर कार्यकर्ता भेला भयो ।

परिचयात्मक कार्यक्रमबाट सुरु भएको भेलामा मजदुर सङ्गठन कसरी विस्तार गर्ने भन्ने विषयमा राय सुझाव सङ्कलन गरिएको थियो ।

कार्यक्रममा नेमकिपा सूनपाका अध्यक्ष सूर्यभक्त त्वातीले मजदुरहरूले विश्व प्रसिद्ध मजदुर आन्दोलन पुस्तक अध्ययन गर्नुपर्ने र मजदुरको हरेक समस्या समाधान गर्न हरेक पेसाका मजदुरहरू सङ्गठित भई आफ्नो हक र अधिकारको निम्ति लागिरहनुपर्ने बताउनुभयो ।

पुँजीवादी व्यवस्थामा बहुसङ्ख्यक जनताको हित नहुने हुनाले समाजवादी व्यवस्थाको प्रचार अभियानमा मजदुरहरू पनि लाग्नुपर्ने उहाँले बताउनुभयो ।

सङ्घका अध्यक्ष विष्णुराम दुमरुले जिल्ला सङ्घ मातहतका हरेक समितिले विभिन्न गतिविधि र कार्यक्रमहरू राख्न जोड दिँदै मजदुरको हक अधिकार सुनिश्चित गर्न मजदुर कार्यकर्ताहरू तयारी अवस्थामा रहनुपर्छ भन्नुभयो ।

उक्त कार्यक्रममा सङ्घका विक्रम ढुकुछु, रमेश दुमरु, पुण्यराम न्हुछे, रामकृष्ण बखुन्छैं, बाबुकाजी सुवाल, हरिराम सुवाल, केदार कवां, कृष्णप्रसाद सुवाल, राजेन्द्र बखुन्छैं, जितबहादुर तामाङ, प्रेमबहादुर तामाङ, मनशोभा सुवाललगायतले आ-आफ्नो विचार राख्नुभएको थियो ।

# एक वर्षमा ९९ जलविद्युत् आयोजनालाई सर्वेक्षण अनुमति

काठमाडौँ, ५ साउन । विद्युत् विकास विभागले आर्थिक वर्ष २०८२/८३ मा जलविद्युत्तर्फ ९९ वटा आयोजनालाई सर्वेक्षण अनुमतिपत्र जारी गरेको छ । ती आयोजनाको कूल क्षमता तीन हजार २११ मेगावाट बराबर छ । सौर्य ऊर्जातर्फ सात वटा आयोजना छन् । ती आयोजनाको क्षमता ३११ मेगावाट छ ।

यस्तै, प्रसारण लाइनतर्फ २२० केभी क्षमताको १७९ सर्किट किलोमिटर, १३२ केभी क्षमताको २७० सर्किट किलोमिटर बराबरको आयोजनालाई सर्वेक्षण अनुमतिपत्र प्रदान गरिएको छ । यसैगरी, ३३ केभी क्षमताको १३२ सर्किट किलोमिटर बराबरको आयोजनालाई सर्वेक्षण अनुमतिपत्र दिइएको छ ।

उत्पादन अनुमतिपत्र पाएका २९ आयोजना छन् । ती आयोजनाको क्षमता एक हजार ८५७ मेगावाट बराबर छ । सौर्य ऊर्जातर्फ तीन आयोजनाले उत्पादन अनुमतिपत्र प्राप्त गरेको छ । ती आयोजनाको क्षमता ३१ मेगावाट छ ।

विभागले वार्षिक रूपमा करिब रु. तीन अर्ब ५० करोड बराबरको रोयल्टी सङ्कलन गर्ने गरेको छ । प्राप्त भएको रोयल्टी रकम प्रदेश तथा स्थानीय तहमा बाँडफाँट हुने गरेको छ । त्यसबाट प्रदेश र स्थानीय तहको आर्थिक उन्नयन र विकासमा महत्त्वपूर्ण योगदान पुगेको विभागले जनाएको छ ।

विभागले हालसम्म जारी गरेको उत्पादन अनुमतिपत्रमध्ये जलविद्युत्तर्फ २६४ आयोजना छन् । ती आयोजनाको कूल क्षमता १२ हजार ३३६ मेगावाट छ । सौर्य ऊर्जातर्फ कूल १० आयोजना छन् । ती आयोजनाको कूल क्षमता ७४ दशमलव छ मेगावाट छ ।

प्रसारण लाइनतर्फ ४०० केभी क्षमताका एक हजार ९७ सर्किट किलोमिटर निर्माणका लागि अनुमति दिइएको छ । यस्तै, २२० केभी क्षमताका ६५६ सर्किट किलोमिटर, १३२ केभी क्षमताको एक हजार ६०८ सर्किट किलोमिटर निर्माणका लागि अनुमति दिइएको छ ।

त्यस्तै, ३३ केभी क्षमताको ३३७ सर्किट किलोमिटर बराबरको आयोजनाले अनुमति प्राप्त गरेको विभागका महानिर्देशक मनदेवी श्रेष्ठले जानकारी दिनुभयो । *(रासस)*

# पहिरोले विभिन्न राजमार्गको यातायात सेवा आंशिक प्रभावित

काठमाडौँ, ५ साउन । लगातारको वर्षापछि आएको बाढी र पहिरोका कारण देशभर सात प्रमुख राजमार्ग पूर्ण रूपमा तथा १२ राजमार्ग आंशिक रूपमा प्रभावित भएका छन् । सडक विभागले अवरुद्ध भएका सडकखण्डमध्ये ५१ सडक मर्मतपछि पुन: सञ्चालनमा आइसकेका छन् भने बाँकी सडक खुलाउने काम तीव्र रूपमा भइरहेको जनाएको छ ।

विभागका प्रवक्ता श्यामबहादुर खड्काले पहिरोका कारण अवरुद्ध सडक खुलाउन सम्बन्धित स्थानमा डोजर, एक्साभेटर, लोडरलगायत उपकरण परिचालन गरी मर्मत तथा पहिरो पन्छाउने कार्यलाई तीव्रता दिइएको जानकारी दिनुभयो । उहाँले यात्रुहरूलाई यात्राअघि सम्बन्धित निकायबाट सडकको पछिल्लो अवस्थाबारे जानकारी लिएर मात्र यात्रा गर्न आग्रह गर्नुभयो ।

नेपाल प्रहरीका अनुसार ललितपुरस्थित कान्तिलोकपथ, इलामको मेची राजमार्ग, खोटाङको दिक्तेल-भोजपुर सडकखण्ड, सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका-४ जुरिखोला (तातोपानी जाने बाटो) तथा भोटेकोशी-२ कोदारीस्थित अरनिको राजमार्ग पहिरोका कारण पूर्ण रूपमा अवरुद्ध छन् ।

यस्तै भोजपुर नगरपालिका-५ बोखिमस्थित मध्यपहाडी लोकमार्ग र रसुवाको पासाङल्हामु सडकखण्ड एकतर्फी सञ्चालनमा रहेका छन् । काभ्रेपलाञ्चोक-सिन्धुली जोड्ने बिपी राजमार्गमा सम्भावित बाढीको जोखिमलाई मध्यनजर गर्दै रातिको समयमा सवारी आवागमन रोकिएको छ । उक्त सडकमा बिहान ४:०० देखि साँझ ६:०० बजेसम्म भने अवस्थाअनुसार सवारी सञ्चालन गर्ने व्यवस्था गरिएको छ ।

त्यसैगरी, मकवानपुरस्थित कान्तिलोकपथमा पनि सम्भावित बाढी तथा पहिरोको जोखिमका कारण रातिको समयमा सवारी सञ्चालनमा रोक लगाइएको नेपाल प्रहरीले जनाएको छ ।

सडक विभागले मनसुन अवधिभर जोखिमयुक्त सडकमा निरन्तर निगरानी गरिरहेको र अवरुद्ध सडक यथाशीघ्र सञ्चालनमा ल्याउन आवश्यक जनशक्ति तथा उपकरण तयारी अवस्थामा राखिएको जनाएको छ । *(रासस)*

# अत्यावश्यक औषधि उत्पादनको समझदारी

काठमाडौँ, ५ साउन । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय र नेपाल औषधि लिमिटेडबिच स्वदेशी औषधि उत्पादनलाई सुदृढ बनाउने उद्देश्यका साथ समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

समझदारीअनुसार आगामी दुई वर्षभित्र नेपाल औषधि लिमिटेडबाट ३६ प्रकारका अत्यावश्यक औषधि उत्पादन गर्ने लक्ष्य राखिएको छ । हाल नेपाल औषधि लिमिटेडले ११ प्रकारका अत्यावश्यक औषधि उत्पादन गरिरहेको छ ।

नयाँ योजनाअन्तर्गत उच्च रक्तचाप, मधुमेहलगायत दीर्घरोगका औषधि उत्पादन गरिनेछ । यसका लागि आवश्यक अनुसन्धान तथा विकास, गुणस्तर परीक्षण, उत्पादन अनुमति तथा प्राविधिक तयारीलाई तीव्रता दिइने मन्त्रालयले जनाएको छ ।

समझदारीअनुसार उक्त कार्यक्रम कार्यान्वयनका लागि आवश्यक बजेट व्यवस्थापन गरिने तथा सरकारी स्वास्थ्य संस्थामा आवश्यक अत्यावश्यक औषधिको आपूर्तिमा स्वदेशी उत्पादनलाई प्राथमिकता दिइनेछ ।

उक्त समझदारीपछि सरकारी स्वास्थ्य संस्थाका लागि आवश्यक औषधिको खरिद स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय र नेपाल औषधि लिमिटेडबिच संस्थागत र नियमित प्रणालीमार्फत हुने व्यवस्था गरिनेछ । यसबाट सरकारी खरिद प्रक्रिया थप प्रभावकारी बन्नुका साथै नेपाल औषधि लिमिटेडबाट उत्पादित औषधिको सुनिश्चित उपयोग र बजार विस्तारमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

मन्त्रालयका अनुसार नेपाल औषधि लिमिटेडबाट उत्पादन हुने सबै औषधिको गुणस्तर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डअनुसार सुनिश्चित गरिनेछ ।

मन्त्रालयले उक्त पहलबाट स्वदेशी औषधि उद्योगको प्रवर्द्धन, औषधिमा आत्मनिर्भरता अभिवृद्धि, आयातमा निर्भरता न्यूनीकरण तथा नागरिकलाई गुणस्तरीय र सुलभ अत्यावश्यक औषधिको नियमित उपलब्धता सुनिश्चित गर्ने सरकारको दीर्घकालीन लक्ष्यलाई थप सशक्त रूपमा अघि बढाउने विश्वास व्यक्त लिएको जनाइएको छ । *(रासस)*

# सामाजिक सुरक्षा कोषमा ३० लाख बढी योगदानकर्ता आबद्ध

काठमाडौँ, ५ साउन । सामाजिक सुरक्षा कोषमा कूल रु. एक खर्ब १६ अर्ब ७१ करोड ८९ लाख ५० हजार ५२५ बराबरको योगदान रकम जम्मा भएको छ ।

आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्म उक्त योगदान रकम जम्मा भएको हो । सूचीकृत रोजगारदाता र सूचीकृत योगदानकर्ताले उक्त रकम जम्मा गरेका हुन् ।

कोषका अनुसार सूचीकृत रोजगारदाताको सङ्ख्या २३ हजार ४९० पुगेको छ भने सूचीकृत योगदानकर्ताको सङ्ख्या ३० लाख ४३ हजार २०० पुगेको छ । कोषले रु. २१ अर्ब २७ करोड एक लाख २० हजार २५२ बराबर दाबी भुक्तानी गरेको छ ।

यस्तै, औषधि उपचार, स्वास्थ्य तथा मातृत्व दाबीतर्फ रु. तीन अर्ब ५२ करोड पाँच लाख ४७ हजार ४६२ उपलब्ध गराएको छ ।

दुर्घटना तथा अशक्तता सुरक्षा दाबीतर्फ रु. ३० करोड ४६ लाख छ हजार ५१४, आश्रित परिवार सुरक्षा दाबीतर्फ रु. ३८ करोड चार लाख २५ हजार २१६ र अवकाश दाबीतर्फ रु. १७ अर्ब ६७ करोड ४५ लाख ४१ हजार ६१ बराबर रकम उपलब्ध गराएको छ । पछिल्लोपटक वैदेशिक रोजगारीमा जाने श्रमिकलाई समेत कोषमा समेटिएपछि योगदान रकम वृद्धि भएको छ ।

पेन्सन, औषधि उपचार तथा अन्य सामाजिक सुरक्षाका कार्यक्रमसमेत अगाडि बढाइएकाले कोषप्रति आम मानिसको चासो बढ्दै गएको पाइएको छ ।

कोषले विभिन्न उत्पादनमूलक क्षेत्रमा लगानी सुरु गरेको छ । यसबाट बहुआयामिक लाभ हासिल हुने विश्वास लिइएको छ । *(रासस)*

***बाह्य...***

बढाउन लागेको हो भन्नेबारे लेखक, राजनीतिज्ञ र बुद्धिजीवीहरू प्रश्न गर्दै छन् । कुनै बाह्य शक्तिबाट सञ्चालन भएकै कारण सरकारले प्रतिपक्ष दल र जनतालाई तर्साइरहेको या दमन गरिरहेको हो कि भन्ने प्रश्न पनि उठेको छ । पढेलेखेका, अर्थशास्त्रमा विज्ञ भनिएका अर्थमन्त्रीले शिक्षा, स्वास्थ्य र विद्युत्मा किन कर लगाउने नीति नियम बनाए भन्ने प्रश्न सर्वसाधारण जनताले उठाउनु स्वाभाविक छ । अर्थतन्त्रको जहाजलाई नयाँ दिशामा बदल्ने भनी देशको अर्थतन्त्र कता पुऱ्याउँदै छ र कसको हातमा सुम्पिँदै छ भन्ने प्रश्न पनि उठेको छ । आर्थिक बोझ बढ्यो भनेर एकातिर कर्मचारी कटौती गर्ने कुरा सञ्चारमाध्यममा फुकिरहेको हुन्छ भने अर्कोतिर सांसदहरूको स्वकीय सचिव राखेर आर्थिक बोझ बढाउने काम सरकारले गर्दै छ । एकातिर आफ्नो दलको एजेन्डा विपन्न वर्गको लागि भन्दै छ भने अर्कोतिर सरकारको नीति तथा कार्यक्रम र बजेट मध्यमवर्ग लक्षित छ भनी फुक्दै छ । यस्तै यस्तै विचारको अस्पष्टता र अपरिपक्व सरकारको निर्णयले देश अधोगतितर्फ लागेका राजनीतिक विश्लेषकहरूको आकलन गलत छैन ।

यस्तै अस्पष्टता र अन्योलताले रास्वपाका जिम्मेवार नेताहरू छटपटिन थालेका विश्लेषण पनि गरिन थालेको छ । सरकारको नेतृत्व तहमा पुगेका नेता, मन्त्री र सांसदहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग आबद्ध भएकाले पनि आशङ्का गरिएको हो । गैरसरकारी सङ्घसंस्थामा सक्रिय भएर लागेका युवाहरू आज देशको नेतृत्व तहमा छन् । यस अर्थमा उनीहरूमा विचार र दृष्टिकोणको कमी छ; अनुभवको कमी छ । तर, उनीहरू आफूलाई जानकार ठान्छन्; विज्ञ ठान्छन् र आफूले ल्याएको नीति तथा कार्यक्रम र बजेट सही ठान्छन् । सरकारले देश र जनताको हितमा राम्रो काम गरोस् भन्ने जनताको चाहना हो । सरकारको प्राथमिकता शोषितपीडित जनतातर्फ उन्मुख हुनुपर्ने हो । धनीमानी या धनाढ्यहरूको जविन त जसरी भए पनि चल्छ । रोग, भोक र शोकले प्रताडित हुने जनता त गरिब छन् । उनीहरूको जीवन जोहो गर्न कठिन हुन्छ; जीवन सुनिश्चित हुँदैन । यसकारण, सरकारले बहुमत जनताको हितमा काम गर्नुपर्ने हो । तर, यो पुँजीवादी व्यवस्थामा हुर्केको सरकारले गरिब जनताको हित नहेर्ने भएकैले कम्युनिस्टहरू समाजवादी व्यवस्था स्थापनाको निम्ति लागेका हुन् । देशका सबै कम्युनिस्टहरू समाजवादी व्यवस्था स्थापनाको निम्ति पूर्वाधार तयार गर्न जुट्नुपर्छ; जुट्न अघि सर्नुपर्छ ।

***फोहरमैला...***

छलफल कार्यक्रममा उपस्थित चाँगुनारायण नपा वडा नं. ५ का वडा सदस्य सुरेश कार्की, प्रभुराम थापालगायत स्थानीयले फोहोर व्यवस्थापन कार्य कसैलाई पनि क्षति नपुग्ने गरी गर्नुपर्ने, सडक, करिडोर तथा अन्य पूर्वाधार निर्माणमा ध्यान दिनुपर्ने विचार व्यक्त गर्नुभयो । फोहर व्यवस्थापनमा मानव स्वास्थ्यलाई असर नपर्ने तथा वैज्ञानिक र दीगो ढङ्गबाट फोहोर व्यवस्थापन गर्नुपर्ने साझा धारणा पनि उहाँहरूले व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले भक्तपुर नगरपालिकाले कुहिने र नकुहिने फोहोरलाई छुट्याछुट्टै व्यवस्थापन गर्दै साना-साना एकाइमार्फत फोहोर व्यवस्थापन प्रणाली सञ्चालन गरिरहेको जानकारी दिनुभयो ।

## सङ्क्षिप्त समाचार

# शिक्षा र स्वास्थ्य क्षेत्रमा लगाइएको समता कर हट्यो

काठमाडौँ, ५ साउन । सरकारले निजी शिक्षा र स्वास्थ्य क्षेत्रमा लगाइएको ३ प्रतिशत समता कर हटाएको छ । प्रधानमन्त्री बालेन्द्र साहले सामाजिक सञ्जालमार्फत उक्त व्यवस्था कार्यान्वयन गर्दा आममानिसले थप खर्च र निराशा भोग्नुपर्ने देखिएको उल्लेख गर्दै अहिलेका लागि समता कर हटाइएको उल्लेख गर्नुभएको छ ।

प्रधानमन्त्री शाहले अर्थमन्त्री स्वर्णिम वाग्लेसँगको परामर्शपछि हालका लागि शिक्षा समता शुल्क र स्वास्थ्य समता शुल्क लागु नगर्ने निर्णय गरिएको बताउनुभयो ।

तीन प्रतिशत समता कर ल्याउनुको उद्देश्य दुर्गम र पछाडि परेका क्षेत्रका नागरिकलाई राम्रो शिक्षा र स्वास्थ्य सेवा उपलब्ध गराउनु, दलित, सिमान्तकृत तथा विपन्न बालबालिकालाई सहयोग गर्नु, स्वास्थ्य बीमा विस्तार गर्नु र त्यसका लागि आवश्यक आर्थिक स्रोत जुटाउनु रहेको प्रधानमन्त्रीको भनाइ छ । उहाँले करको दायरा विस्तार गरेर अर्थतन्त्रलाई अझ व्यवस्थित बनाउने लक्ष्यसहित उक्त व्यवस्था ल्याइएको बताउनुभयो ।

उहाँले नागरिक तहमा समता देखिएको समता करप्रतिको प्रतिक्रियाले सरकारको गम्भीर ध्यानाकर्षण गरेको र नागरिकको माग सुन्दै अगाडि बढ्न तथा समतामूलक समाज निर्माण गर्न आफूहरूको प्रतिबद्धता अटल र स्पष्ट रहेको बताउनुभयो ।

"सरकारका सबै निर्णय नागरिकको हितलाई केन्द्रमा राखेर गरिएका छन् र गरिने छन् । कुनै निर्णयप्रति नागरिक असन्तुष्ट भएमा त्यसमा सुधार र परिमार्जन गर्न सरकार सधैँ तयार रहनेछ", प्रधानमन्त्री शाहले भन्नुभयो, "विपन्न र गरिब नागरिकले गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा पाउन सकून् भन्ने उद्देश्यले निजी अस्पतालमा १० प्रतिशत शय्या र निजी क्याम्पस तथा विश्वविद्यालयमा १० प्रतिशत सिट पारदर्शी र न्यायोचित रूपमा उपलब्ध गराउने नीति कार्यान्वयन गर्न सरकार प्रतिबद्ध छ ।" ***(रासस)***

# ढोरपाटन आवतजावतमा सास्ती

गण्डकी, ५ साउन । यहाँका स्थानीय तथा यहाँ आउने पर्यटकले ढोरपाटन आवतजावतमा सास्ती भोग्नुपरेको छ । फल्लेघरदेखि देउरालीसम्मको तीन किमी सडक अस्तव्यस्त बनेकाले आवतजावतमा सास्ती व्यहोर्नुपरेको ढोरपाटन-९ का वडाध्यक्ष खिमबहादुर घर्तीले बताउनुभयो । निर्माण कम्पनीले बर्खायाममा सडक विस्तारको काम सुरु गरेपछि समस्या निम्तिएको हो ।

"पानी पर्नासाथ पहिरा खस्ने, सडक हिलाम्मे भएर यातायात अवरुद्ध हुने गरेको छ, वर्षायामभरि यो समस्या रहिरहने देखिएको छ", वडाध्यक्ष घर्तीले भन्नुभयो, "यो बेलामा सडक खन्ने काम नै गलत भयो, हामीले भन्दाभन्दै पनि निर्माण कम्पनीले बेवास्ता गर्दा यो समस्या आएको हो ।"

बुर्तिबाङदेखि फल्लेघरसम्म २८ किमी सडक ग्राभेल भए पनि ढोरपाटन उपत्यका जोड्ने बाँकी तीन किमी खण्ड जीर्ण र अस्तव्यस्त छ । विसं २०६६ देखि निर्माण सुरु भएको सालझण्डी-ढोरपाटनअन्तर्गत बागलुङ खण्डको काम सुस्त गतिमा भइरहेको छ । समयमा सडक नबन्दा हरेक बर्खायाममा ढोरपाटनको यातायात सेवा प्रभावित हुने गरेको हो । ढोरपाटनका पर्यटन व्यवसायी शिवराज कँडेलले पर्यटकको चहलपहल हुने मुख्य याममै सडक बिग्रँदा व्यवसायीहरू चिन्तित रहेको बताउनुभयो । "सडकले धेरै समस्या पारेको छ, यही कारणले गत वर्षभन्दा अहिले कम पर्यटक आइरहेका छन्", उहाँले भन्नुभयो, "सडक, सञ्चारलगायतको असुविधाका कारण ढोरपाटनको पर्यटनलाई असर पुर्याइरहेको छ, यसमा सम्बन्धित निकायको ध्यान जानु जरुरी छ ।" पछिल्लो समय पर्यटकले मनसुन पदयात्राका लागि ढोरपाटन क्षेत्रलाई रोज्ने गरेका छन् । यहाँको उच्च पहाडी भेगका पाटन र खर्कमा फुल्ने बुकीफूल, भेँडीगोठ, लेकाली जनजीवन, वर्षात्मा हरियै देखिने डाँडापाखा आदि नियाल्न पर्यटकहरू यो याममा ढोरपाटन पुग्ने गर्छन् । ***(रासस)***

# जलेको कारबाट शव निकालियो

काठमाडौँ, ५ साउन । काठमाडौँको कीर्तिपुर नगरपालिका-१ ट्याङ्लाफाँटमा मङ्गलबार बिहान एक कारमा अकस्मात आगलागी भएपछि त्यसमा रहेका एक जना पुरुषको शव निकालिएको छ । स्थानीयका अनुसार बा ५ च ३०३८ नम्बरको कारमा अकस्मात आगलागी भएको थियो । आगो लागिरहेकै कारबाट प्रहरीले एक जना पुरुषको शव फेलापारेको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिनुभयो । उहाँले सो कारबाट एक पुरुषको शव निकालिएको र शव पूर्ण रूपमा जलेको अवस्थामा रहेको बताउनुभयो । आगलागी भएको उक्त कार बैङ्कको नाममा रहेको खुलेको र कारभित्र जलेका व्यक्तिको पहिचान नखुलेको जानकारी पनि उहाँले दिनुभयो । उक्त घटनाका बारेमा थप अनुसन्धान सुरु भएको प्रहरीले जनाएको छ । ***(रासस)***

# नीति अनुसन्धान प्रतिष्ठान र मध्यपश्चिम विश्वविद्यालयबिच सहकार्य

काठमाडौँ, ५ साउन । नीति अनुसन्धान प्रतिष्ठान र मध्यपश्चिम विश्वविद्यालयका पदाधिकारीबिच मङ्गलबार काठमाडौँमा क्षमता विकास, विद्यार्थी संलग्नता, विज्ञसूची, प्रतिष्ठानको अध्ययनहरूका लागि क्षेत्रीय आउटपोस्टको अवधारणालगायतका विषयमा छलफल भएको छ । छलफलमा प्रतिष्ठानका कार्यकारी निर्देशक लक्ष्मणप्रसाद भट्टराई तथा वरिष्ठ अनुसन्धानकर्ता, डा. दीपककुमार खड्का, डा. मोहनकुमार शर्मा, डा. खगनाथ अधिकारी, डा. हरि शर्मा न्यौपाने, र डा. कल्पना खनाल तथा मध्यपश्चिम विश्वविद्यालयका अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशनालयका निर्देशक तथा नीति प्रयोगशालाका संयोजक डा. यदुप्रसाद ज्ञवाली र फ्याकल्टी मेम्बर एवं पीएचडी स्कलर लोकबहादुर ओली सहभागी हुनुहुन्थ्यो ।

प्रतिष्ठान र विश्वविद्यालयबिच गत माघ २६ गते आपसी सहयोग र सहकार्यको लागि समझदारीपत्रमा हस्ताक्षर भएको थियो । ***(रासस)***




**जराबुट्टा कला सङ्ग्रहालयमा राखिएको कलाकृति**

सिन्धुलीको कमलामाई नगरपालिका-४ का कला सर्जक विश्वम्भर लामिछानेले आफ्नै निवासमा स्थापना गरेको जराबुट्टा कला सङ्ग्रहालयमा करिब ३०० वटा कलाकृति सङ्ग्रह गरेका छन् । खोला तथा बगरमा खेर गइरहेको रुखका जरालाई कलात्मक रूप दिई बनाइएको कलाकृतिले देशप्रेम, मातृत्व, प्रकृतिप्रेम र सामाजिक सद्भावको सन्देश प्रवाह गर्ने उहाँ बताउनुहुन्छ ।

*तस्बिर: प्रदीपराज वन्त/रासस*

# भरतपुर अस्पतालमा बिरामीको उच्च चाप

चितवन, ५ साउन । भरतपुर अस्पतालमा बिरामीको उच्च चाप हुन थालेको छ । सोमबार एकै दिन तीन हजार ३६८ जनाले सेवा लिएका छन् । बिरामीको चाप बढ्दा व्यवस्थापन जटिल बन्ने गरेको छ ।

अस्पतालमा उपचारका लागि आएका बिरामीमध्ये दुई हजार ५८९ स्वास्थ्य बिमाका छन् । बाँकी ७८९ बिमा नभएका बिरामी हुन । उपचारका लागि आएकामध्ये ६८७ जना नयाँ बिरामी रहेको अस्पतालले जनाएको छ । एक दिनमा आकस्मिक सेवा लिनेको सङ्ख्या २६६ जना रहेको छ । अस्पतालका बिमा कार्यक्रम संयोजक लीलाधर पौडेलका अनुसार ७० प्रतिशत हाराहारी बिरामी बिमाका रहेका छन् । आकस्मिक सेवामा आएकामध्ये १०१ जना बिमा नभएका बिरामी हुन् ।

संयोजक पौडेलका अनुसार सोमबार भिडियो एक्सरे गरेका बिरामीको सङ्ख्या ५०७ रहेको छ । यसमध्ये बिमाका ४१५ जना हुन् भने ९२ जना बिमा नभएका बिरामी हुन् । एकैदिन ४५ जनाको सिटीस्क्यान र ३१ जनाको एमआरआई गरिएको उहाँले बताउनुभयो । अस्पतालमा आएका बिरामीमध्ये ८० वर्ष नाघेका बिरामीको सङ्ख्या १०९ जना रहेको छ भने ६० वर्षदेखि ७९ वर्षसम्म उमेरका बिरामी ७१३ जना रहेका छन् ।

भरतपुर अस्पताल स्वास्थ्य बिमाका लागि देशमा नै नमूनाका रूपमा लिने गरिन्छ । यहाँ चितवनसहित २२ जिल्लाका बिरामी उपचारका लागि आउने अस्पतालले जनाएको छ । जिल्लाका दुई ठूला मेडिकल कलेजमा बिमा कार्यक्रम स्थगित भएपछि बिरामीको चाप उच्च हुँदै गएको हो ।

स्वास्थ्य बिमा बोर्डबाट यस अस्पतालले गत आर्थिक वर्षमा रु. ९२ करोड ३६ लाख ४२ हजार ९४७.३६ भुक्तानी पाएको छ । अस्पतालमा आएका बीमाका बिरामी उपचार गरेबापत अस्पतालले यो भुक्तानी पाएको हो । पौडेलका अनुसार अघिल्लो आव र गत आवको मङ्सिरसम्मको भुक्तानी आएको हो । त्यसयताको झन्डै रु. ४० करोड भुक्तानी आउन बाँकी छ ।

अस्पतालले विसं २०७४ भदौबाट स्वास्थ्य बीमा कार्यक्रम सुरु गरेको हो । यस अवधिमा स्वास्थ्य बीमामार्फत अस्पतालले रु. दुई अर्ब ४७ करोड ४८ लाख २२ हजार ३२९.९७ प्राप्त गरिसकेको छ ।

अस्पतालका प्रमुख मेडिकल सुपरिटेण्डेण्ट डा. विश्वबन्धु बगालेले बिरामीको चाप उच्च हुँदा व्यवस्थापनमा जटिलता आएको बताउनुभयो । अहिले अस्पतालको ध्यान गुणस्तरभन्दा भीड व्यवस्थापनमा केन्द्रित हुनुपरेको उहाँले बताउनुभयो । अस्पतालले भरतपुर महानगरपालिका र रत्ननगर नगरपालिकासँग विस्तारित सेवा सञ्चालन गर्ने विषयमा छलफल अघि बढाएको उहाँले बताउनुभयो ।

पहिलो चरणमा नियमित खाने औषधि, प्रयोगशालाको सेवाजस्ता सामान्य समस्या लिएर आउने बिरामीलाई पालिकास्तरमा सेवा दिन सके चाप घट्ने र बिरामीले सहज सेवा पाउने उहाँको भनाइ छ । क्रमशः पालिकाहरूसँग सहकार्य गरेर आधारभूत सेवा त्यही दिनेगरी छलफल अघि बढाइएको उहाँ बताउनुहुन्छ । यस्तै रत्ननगर बकुलहर अस्पतालसँग समेत सहकार्य गर्ने विषयमा छलफल भइरहेको छ । बगालेले भन्नुभयो, "सामान्य समस्या भएका बिरामीलाई स्थानीय तहमा उपचार गर्ने र यहाँ विशिष्टिकृत सेवा दिनेगरी काम गर्नुपर्छ ।"

भरतपुर अस्पताल अस्तव्यस्त र भीड व्यवस्थापनमा मात्र केन्द्रित नभई सेवाप्रवाह र गुणस्तर विकासमा लाग्नुपर्छ भन्ने सोचका साथ काम अघि बढाइएको उहाँ बताउनुहुन्छ । पालिकाहरूमा क्रमशः बिरामीको भर्ना र शल्यक्रियासम्म गर्न केही समय लाग्ने भए पनि यससँगै भरतपुर अस्पतालले विशिष्टिकृत सेवामात्रै दिन सक्ने बताउनुभयो । ***(रासस)***

# 'डिजिटल' पहिचान प्रणालीप्रति नागरिकको आकर्षण बढ्दै

सुदूरपश्चिम, ५ साउन । 'डिजिटल' पहिचान प्रणालीप्रति नागरिकको आकर्षण बढ्दै जाँदा कैलालीमा गत आर्थिक वर्ष राष्ट्रिय परिचयपत्रका लागि ७९ हजारभन्दा बढी नागरिकको विवरण सङ्कलन भएको छ ।

जिल्ला प्रशासन कार्यालय कैलालीको आव २०८२/८३ को वार्षिक प्रगति विवरणअनुसार ७९ हजार ५६१ जनाको राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता गरिएको थियो । तीमध्ये ३६ हजार २० वटा परिचयपत्र छपाइ भएर कार्यालयमा आए पनि चार हजार ७४० सेवाग्राही परिचयपत्र बुझ्न आएको स्थानीय प्रशासन शाखा प्रमुख राममूर्ति सिंहले जानकारी दिनुभयो ।

दर्ता अभिलेख विवरण र परिचयपत्र नम्बर भएको डिजिटल कागजका आधारमा पनि आवश्यक काम गर्न सकिने भएकाले सेवाग्राही छपाइ भएका परिचयपत्र लिन समयमै नआएको हुनसक्ने उहाँको भनाइ छ ।

त्यसैगरी गत आवमा कार्यालयले वंशजका आधारमा १० हजार ९८ जनालाई नागरिकता प्रदान गरेको छ । यस अवधिमा ५० जनाले अङ्गीकृत, १७ जनाले वैवाहिक अङ्गीकृत तथा १२ जनाले गैरआवासीय नेपाली नागरिकता प्राप्त गरेका छन् । कार्यालयले नौ हजार ९२५ जनालाई नागरिकताको प्रतिलिपि र २२३ बालबालिकालाई नाबालक परिचयपत्रसमेत वितरण गरेको जनाएको छ ।

राहदानी सेवातर्फ सात हजार ५४ आवेदन दर्ता भएकामा तीमध्ये छ हजार ७८० वटा राहदानी छपाइ भएर आएको र छ हजार ४३८ वटा वितरण गरिएको छ । राहदानी शुल्कबाट मात्रै रु. तीन करोड ६६ लाख ५१ हजार ६०१ राजस्व सङ्कलन भएको कार्यालयले जनाएको छ ।

यसैगरी कार्यालयमा गत आव सार्वजनिक, जुवातास, खाद्यसम्बन्धी तथा सवारी दुर्घटना क्षतिपूर्तिसहित १९८ वटा नयाँ मुद्दा दर्ता भएका थिए । तीमध्ये १०८ मुद्दा फछ्र्योट भएका छन् । अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेका एक सय ९७ मुद्दामध्ये ५२ टुङ्ग्याइएको कार्यालयले जनाएको छ ।

सङ्घसंस्था प्रशासनतर्फ ६८ नयाँ संस्था दर्ता, चार सय ९८ संस्थाको नवीकरण, एउटा शाखा विस्तार, ७८ वटा हतियार नवीकरण तथा तीनवटा नयाँ छापाखाना दर्ता गरिएको छ । द्वन्द्वपीडित राहत कार्यक्रमअन्तर्गत २२ जना घाइते तथा अपाङ्गता भएका व्यक्तिलाई रु. २८ लाख २० हजार राहत वितरण गरिएको छ भने जनआन्दोलन २०६२/६३ का शहीद परिवारलाई मासिक आर्थिक सहायता उपलब्ध गराइएको शाखा प्रमुख सिंहले बताउनुभयो ।

आर्थिक वर्षभर राहदानी शुल्क, कम्पनी दर्ता, प्रशासनिक दण्ड-जरिवाना, हातहतियार इजाजत, धरौटी सदरस्याहा तथा अन्य सेवा शुल्कबाट कार्यालयले कूल रु. चार करोड ६६ लाख १७ हजार ६६ राजस्व सङ्कलन गरेको जनाइएको छ ।

यस्तै, गुनासो व्यवस्थापनतर्फ अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट प्राप्त १७ मध्ये १५, हेलो सरकारमार्फत आएका एक सय ६५ मध्ये एक सय ६०, ठाडो उजुरीका तीन सय २३ वटै तथा गृह मन्त्रालयबाट प्राप्त ३० वटै गुनासो फछ्र्योट गरिएको प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीले जानकारी दिनुभयो ।

उहाँले सबै कर्मचारी र सरोकारवालाको सहकार्यका कारण सेवा प्रवाहमा सहजता भएको उल्लेख गर्दै आगामी दिनमा सेवामा थप सुधार र प्रभावकारिताका लागि आन्तरिक तथा बाह्य समन्वयलाई अझ सुदृढ बनाइने बताउनुभयो । ***(रासस)***

। सम्पादकीय ।

# अमेरिका साम्राज्यवादको नाइके

संयुक्त राज्य अमेरिका र इरानबिचको युद्ध चर्किँदै छ । दुई देशबिचको युद्धको स्थिति हेर्दा तत्काल रोक्ने स्थिति देखिँदैन । अमेरिकाले इरानको सभ्यता नै अन्त्य गर्ने चेतावनी दिएको छ । इरानले आफ्नो देशको अस्तित्वको लागि आक्रमणको प्रत्याक्रमण गर्ने चेतावनी दिएको छ । अमेरिका इरानलाई ध्वस्तै गर्ने पक्षमा छ । तर, इरानले आक्रमणको जवाफमात्रै दिँदै छ । आक्रामक शैलीमा अघि बढेको अमेरिकालाई इरानले पनि भित्तेजवाफ दिनुपर्ने हो । युद्धविराम भङ्ग गरेर इरानमा आक्रमण गर्ने आक्रामक देश अमेरिका हो । इरानमा अमेरिकी आक्रमण भएपछि मात्र इरानले प्रत्याक्रमण गरेको हो । अमेरिकाले इरानमा मात्र होइन साम्राज्यवादका पिछलग्गू देशसँग मिलेर अरु दर्जनौँ देशमा आक्रमण गरिसकेको छ । यो विश्वका मुलुक र जनताले थाहा पाएको विषय हो ।

अमेरिकाको आक्रामक शैलीले विश्वका देश र जनता अमेरिकी अमानवीय कार्यको निन्दा गर्दै चीन र चिनियाँ जनताको समर्थन गर्दै छन् । देश विकासमा सघाउने साथ दिने चीन र संसारका स्वाधीन र सार्वभौम देशमा आक्रमण गर्दै ध्वस्त पार्ने अमेरिकाको विश्वका जनताले अनुभव गर्दै छन् । अमेरिकी प्रशासन इरानका राष्ट्र प्रमुखको हत्या गर्न पछि नपर्ने अनि आफूलाई हत्या प्रयास गरे इरान ध्वस्त पार्ने चेतावनी दिने ट्रम्पको शक्तिको अहङ्कार, अमानवीय व्यवहार र शान्तिविरोधी कदमको जति निन्दा गरे पनि पुग्दैन । यही कारण अमेरिकी जनतामात्र होइन संसारका स्वाधीन, न्यायप्रेमी र देशभक्त जनता अमेरिकाको विरोधमा छन् ।

अमेरिकाले साम्राज्यवादको नाइकेको भूमिका निर्वाह गर्दै छ । उसको आक्रमणकारी चरित्रमा अलिकति पनि हेरफेर भएको छैन । जब जब साम्राज्यवादीहरू अप्ठ्यारो स्थितिमा पर्छन् तब तब प्रजातन्त्र, सुरक्षा र शान्तिको ध्वाङ फुक्छन् । अमेरिकी साम्राज्यवादीहरू आन्तरिक र बाह्यरूपमा गम्भीर सङ्कटको सामना गर्दै छन्; विश्वमा उनीहरू बदनामसँगै पतन हुँदै छन् । अमेरिकामै जनताको युद्धविरोधी आन्दोलन हुँदै छ । अमेरिकी साम्राज्यवादले हिन्द-चीन र संसारका अरु देशहरूमा पनि हार खाइरहेको छ । संसारका स्वाभिमानी, स्वाधीनताप्रेमी, शान्तिकामी जनताले अमेरिकी साम्राज्यवादको खुलमखुला विरोध गरिरहेका छन्; साम्राज्यवादको विरोधमा हरेक दिनझैँ जुलुस प्रदर्शन तथा सभा गरिरहेका छन् । यो अमेरिकी साम्राज्यवादको संसारमा बदनाम मात्र होइन पतनको सङ्केत पनि हो । शान्ति, सुरक्षा, विकास चाहने देशभक्त, क्रान्तिकारी र प्रगतिशील तथा सङ्घर्षशील जनताले 'शान्ति' र 'प्रजातन्त्र' को पर्दाभित्र लुकेका अमेरिकी साम्राज्यवादीहरूले बढाएका आक्रमण, युद्ध गर्ने, गराउने र युद्ध गराउन उक्साउने कार्यको एकै स्वरमा विरोध गरिरहेका छन् । उनीहरूले अमेरिकाले गरेको ज्यादती, दमन, हस्तक्षेप र आक्रमणलाई एक एक गरी हेरिरहेका छन् र समीक्षा गरिरहेका छन् ।

अमेरिकी साम्राज्यवादले एसियाली आक्रमणमा जापानी सैन्यवादलाई 'धावा बोल्ने शक्ति' को रूपमा उपयोग गर्ने नीति लिएको थियो । अमेरिकी र जापानी आक्रमणकारी शक्तिमाझ कुनै पनि बेला एक ठाउँमा उभेर 'शान्ति' र 'स्थिरता' को नाउँमा कतै हस्तक्षेप या आक्रमण गर्न सक्छ । अमेरिकी साम्राज्यवादको रेखदेखमा जापानमा सैन्यवादको पुनरुत्थान भएको इतिहास संसारका स्वाभिमानी जनताले भुलेका छैनन् । अमेरिकामा झैँ जापानी सैन्यवादीहरूको आक्रमणकारी योजनाको विरोधमा जापानी जनता उभेका छन् । जापानी सैन्यवादीहरूले युद्ध छेड्ने कोसिस गरेमा जापानका जनता चुप लागेर बस्ने छैनन् । जापानी शासकहरूमाझ नै युद्धको विरोध गर्ने पक्ष पनि नभएको होइन । अमेरिकी साम्राज्यवादीहरूले एक समय चीनलाई अलग राख्ने र नाकाबन्दी गर्ने नीति नलिएको होइन । तर, चीन डराएन, झुकेन । बरु चीन शक्तिशाली समाजवादी राज्य बनेको छ । समयको परिवर्तनसँगै अहिले त संसारका मुलुकमा साम्राज्यवादविरोधी शक्तिको विकास र विस्तार भइरहेको छ । जनवादी गणतन्त्र चीनको अन्तर्राष्ट्रिय प्रतिष्ठा दिन प्रतिदिन बढ्दै छ । सबै देशले विकास गर्न एकले अर्कोलाई सहयोग गर्नुपर्छ; विश्वमा शान्ति छर्नुपर्छ; विश्व सुरक्षित हुनुपर्छ; विश्वमा आतङ्क मच्चाएर हतियार बेचेर देश धनी हुने होइन भन्ने जनवादी गणतन्त्र चीनको विचार, कार्यशैली र गतिविधिले चिनियाँ सरकार र चिनियाँ जनताको समर्थन बढ्दै छ । यो चिनियाँ सरकार, चिनियाँ पार्टी र चिनियाँ जनताको विजयको सङ्केत हो ।

अमेरिकी साम्राज्यवादको विरोधमा भियतनामी जनताले वीरतापूर्ण लडेको इतिहास पनि स्मरण गर्नु समीचीन नै हुनेछ । साम्राज्यवादविरुद्ध कम्बोडिया र लाओसका जनताले लडेको इतिहास छ । कोरिया, चीन, भियतनाम, कम्बोडिया, लाओस र अरु एसियाली देशका जनताले साम्राज्यवादी नीति र त्यसको चलखेलविरुद्ध अझै न्यायपूर्ण सङ्घर्ष गरिरहनुपर्ने आवश्यकता छ । अमेरिकी साम्राज्यवादले संयुक्त राष्ट्र सङ्घको मूल्य र मान्यताको खिल्ली उडाइरहेको छ । यसमा संयुक्त राष्ट्र सङ्घ सचेत र चनाखो हुनु आवश्यक छ । संयुक्त राष्ट्र सङ्घ अमेरिकाको कठपुतली बन्नु हुँदैन । संयुक्त राष्ट्र सङ्घको बदनाम गर्ने, संयुक्त राष्ट्र सङ्घलाई उपयोग गरेर संसारका मुलुकमा आफ्नो प्रभाव जमाउने र उपनिवेश बनाइरहेको तर्फ संयुक्त राष्ट्र सङ्घ सचेत हुनुपर्छ ।

# मुद्रास्फीति पुँजीवादी अर्थतन्त्रको महारोग

**नेपालजस्तो देशका लागि मार्क्सवादी अर्थशास्त्रको माटो सुहाउँदो प्रयोग साँच्चैको विकास मोडल हुनेछ । यो समता, सन्तुलन र समृद्धिको बाटो या गरिबी उन्मूलनको पक्की सडक पनि हो । तर, नेपालमा अर्थमन्त्रीहरू उल्टो बाटो हिँडिरहेको गुनासो या आलोचना छ । विकासमा सामाजिकीकरणको मोडल, आत्मनिर्भरताको मोडल, सामूहिकताको मोडल वास्तवमा अहिलेको आवश्यकता हो । नेपालको माटोले खोजेको पनि त्यही हो ।**



सृजना सैंजू

एकजना अर्थविज्ञले भन्नुभएको स्मरण हुन्छ, "अर्थतन्त्र पढ्न या बनाउन एडम् स्मिथ र किन्सहरूभन्दा पनि कार्ल मार्क्स पढ्नुपर्छ ।" मार्क्सवादी अर्थशास्त्रको 'लोकलाइजेसन' वास्तवमा वर्तमान आर्थिक बेथिति, शोषण, आर्थिक उतारचढाव र युद्धहरूको समाधान हो । मुद्रास्फीतिजस्तो पुँजीवादको महारोगविरुद्ध लड्ने उपाय पनि यही हो । आज नेपाली समाज सबैभन्दा बढी मुद्रास्फीतिबाट प्रताडित छ । मैले एउटा पुस्तक पढेको थिएँ - 'Why China Has No Inflation' । ५० वर्षअघि लेखिएको पुस्तक हो यो । आजको चीनसँग त नेपाललाई तुलना गर्न सकिन्न या मिल्दैन । तर, ५० वर्षअघिको चीनले आर्थिक विकासको उडान कसरी भरेको थियो भन्ने अनुभव नेपालका लागि उपयोगी जरुर हुन्छ । चिनियाँ अर्थतन्त्रको एउटा आधार जनताको अत्यावश्यक वस्तुमा शून्य मूल्यवृद्धि हो, शून्य मुद्रास्फीति हो । त्यही अर्थनीतिले चीनको घरेलु बजार बलियो भयो साथै उपभोग अर्थतन्त्रको जग बस्यो । मुद्रास्फीति न्यूनतम राखेर जनताको क्रयशक्ति बढाउने उपाय नेपालका अर्थशास्त्री र अर्थमन्त्रीहरूले सिक्नपर्ने हो । चीनमा आजको शानदार विकासको जग ती नै सूक्ष्म अर्थनीतिको प्रतिफल मान्नुपर्छ । चीनमा अहिले पनि मुद्रास्फीति छैन या अत्यन्त न्यून छ । यस्तो किन र कसरी सम्भव भयो ? सायद त्यहाँका एडम्स्मिथहरू कार्ल मार्क्स पढ्छन् या पढ्दै छन् । तर, यहाँ नेपालमा पश्चिमा पुँजीवादी अर्थशास्त्र घोकेर आएका अर्थशास्त्रीहरू जीडीपीको आकार ठुलो देखाउनकै लागि मुद्राको मूल्यमा रास गर्दै छन्, त्यो पनि विदेशी ऋण अनुदान र लगानी आकर्षित गर्ने भन्दै । यो अत्यन्तै गलत वित्तीय अर्थात् मौद्रिक नीति हो । यसले नेपाली जनताको दैनिक जीविकोपार्जन मात्र महँगो पर्दैन बरु देशको आर्थिक सम्प्रभुतासमेत रसातलमा पुग्छ ।

यसर्थ, नेपालजस्तो देशका लागि मार्क्सवादी अर्थशास्त्रको माटो सुहाउँदो प्रयोग साँच्चैको विकास मोडल हुनेछ । यो समता, सन्तुलन र समृद्धिको बाटो या गरिबी उन्मूलनको पक्की सडक पनि हो । तर, नेपालमा अर्थमन्त्रीहरू उल्टो बाटो हिँडिरहेको गुनासो या आलोचना छ । विकासमा सामाजिकीकरणको मोडल, आत्मनिर्भरताको मोडल, सामूहिकताको मोडल वास्तवमा अहिलेको आवश्यकता हो । नेपालको माटोले खोजेको पनि त्यही हो । तर, यहाँ त्यसको उल्टो हरेक मन्त्रालयहरू निजी क्षेत्रको भर परेको देखिन्छ; निजीकरण या नवउदारवादी बाटोमा देखिन्छन् । कतै कार्टेलिङको नाममा, कतै बजार प्रतिस्पर्धा, कतै ओलीगोपोली त कतै पीपीपी मोडलको गुलियोमा निजीकरणकै खराबी विनियोजनका शीर्षकमा भेटिन्छन् । यो फेरि पनि विगत ३५ वर्ष हिँडेकै बाटो भयो । यसले देश, प्रदेशलाई उत्पादनमुखी, जनमुखी बनाउँदैन आत्मनिर्भर त बनाउँदै बनाउँदैन । त्यसकारण, प्रत्येक मन्त्रालयको विनियोजनमा हाम्रो सैद्धान्तिक विमति छ ।

अब बजेट आम्दानी र आकारको कुरा गरौँ महत्त्वपूर्ण कुरा कति खर्ब या अर्बको बजेट भन्ने होइन बजेटको स्रोत के हो, त्यो महत्त्वपूर्ण हुन्छ । के जनतामाथि करको भारी थोप्नु आम्दानी हो ? के जनताको ढाड सेकिने महँगी आम्दानीको उपाय हो ? बहुराष्ट्रिय कम्पनीसँग नमागीकन के प्रदेश मन्त्रालय चल्दैन ? हिजो अर्थमन्त्रीले बोल्नुभयो, प्रदेशको सबैभन्दा ठुलो स्रोत घरजग्गा रजिस्ट्रेसन शुल्क र यातायात शुल्क हो भनेर । डाँडाकाँडा, प्राकृतिक स्रोत म्हासेर, प्लटिङ गराएर उठाएको रकमलाई आम्दानी मानेर त्यसैको खर्चले व्यवस्थित सहरीकरणको सपना बेच्ने धूर्त व्यापारी नबन्नुहोला । हामीलाई अचम्म लाग्यो, ९ वर्षसम्म उत्पादनको स्रोत या वातावरण तयार नगरी घरजग्गा दलालीलाई आम्दानीको प्रमुख स्रोत घोषणा गर्दा, हामीलाई निकै दुःख लाग्यो ।

त्यतिमात्र होइन प्रदेश सरकार नौ वर्षसम्म एउटा हस्तान्तरण केन्द्र बन्यो । माथिबाट थाप्ने तल वितरण गर्ने । स्थानीयको कर अधिकार क्षेत्र मिच्ने, असुल्ने । प्रदेश सरकारहरूले आफ्नो मौलिक एवम् स्वायत्त र विकेन्द्रीकृत स्रोत कहिल्यै खोजेन अनि प्रदेशको औचित्यमाथि प्रश्न उठ्नुलाई अस्वाभाविक कसरी मान्ने ? वास्तवमा बजेटहरू सङ्घीयताको मर्म या विचारलाई व्यवहारमा जोगाउने हतियार हुन् । तर, यहाँ बजेट सङ्घीयताविरोधी देखिन्छ । सङ्घीयताको अर्थ खर्च र आम्दानी दुवैमा आत्मनिर्भरता हो । विकेन्द्रीकृत विकासको बाटो हो सङ्घीयता । तर, नौ वर्ष यो लाइनमा प्रदेश मन्त्रालयहरू हिँड्दै हिँडेनन् भन्ने सत्य बोल्दा चित्त नदुखाउनु होला । अर्काको अर्थात् केन्द्रको बैसाखी टेकेर प्रदेश सरकार लामो हिँड्न सक्दैन, यो तीतो सत्य हो ।

बजेट हरेक वर्ष पास हुन्छ तर कार्यान्वयन पक्ष हरेक वर्ष असफल हुन्छ । एउटा समाचारले मेरो ध्यान तान्यो, असार १५ गतेसम्म अर्थात् आर्थिक वर्ष सकिन दुई साता बाँकी रहँदा विकास खर्च जम्मा ३५.१२ प्रतिशत । यो सधैँको रोग हो । प्रदेशहरूको विकास खर्च अनुपात पनि यही या यस्तै छ । हिजो पनि कुरा उठ्यो नेपालमा असारे विकास मोडल हाबी छ । हिजोदेखि आजसम्म वाग्मती प्रदेशले त असारमै भ्याइ नभ्याई गोष्ठी गर्‍यो, तालिम गर्‍यो, भ्रमण गर्‍यो । वास्तवमा असारमै जबरजस्ती कुनै न कुनै नाममा बजेट सकाउन खोज्नु पनि भ्रष्टाचार हो । अनियमितता हो ।

यो सरकारले बजेट बन्नुअघि कसम खाएको थियो – "टुक्रे र खुद्रे बजेट त हामी ल्याउँदै ल्याउँदैनौँ ।" फेरि पनि उही पाँच–दस लाखको बजेट शीर्षक हेर्दा वडा कार्यालयहरूसमेत लजाएको अनुभव भयो । वडाध्यक्षहरू प्रदेशतिर हेरेर हाँस्दै होलान् ।

माननीयहरूले पनि उठाउनुभएको कुरा, बजेट मन्त्रीमुखी भयो, मन्त्रीको निर्वाचन क्षेत्रमुखी भयो, बिचौलियामुखी भयो । 'मन्त्री पद भोलि पाइएला नपाइएला अहिले नै नलगे कहिले लाने' भन्ने मन्त्रीहरू पनि हामी चिन्छौँ । गलत संस्कार हो यो । बजेट निर्वाचन क्षेत्रमा बाँडफाँडको मापदण्डले सफल हुन्न बजेट प्राथमिकता र यथोचित कार्यान्वयन र विकासमा सन्तुलनले सफल हुन्छ ।

हाम्रो प्रदेशको हकमा बजेटको प्राथमिकता कृषि, सामुदायिक स्वास्थ्य, शिक्षा, सभ्यता, वातावरण, उद्योग हस्तकलाग्राममा लगानी हुनुपर्ने हो । तर, त्यसो भएको देखिएन उद्योग मन्त्रालयअन्तर्गत ५१ फिट अग्लो शिवमूर्ति निर्माणको बुद्धि मन्त्रालयलाई कसले दियो ? भौतिक पूर्वाधारमा 'सच्चाइ भवन' निर्माण कसरी जोडियो ? पूर्वाधार भनेको प्रत्यक्ष उत्पादनसँग जोडिनुपर्छ सभामुखज्यू । बजेट सम्पदा र सभ्यताको हकमा पनि उदासीन देखिन्छ । हामी सम्पदा र सभ्यता पनि उत्पादन र अर्थतन्त्रसँग जोडिन्छ भन्छौँ । हाम्रा रैथाने स्थानीय उत्पादन आफैमा सम्पदा हुन् । उपत्यकाको हकमा जुजुधौ, चाकु, ताइचिन चिउरा तोरी तेल, हाकुपटासी, टाका टोपी, काष्ठकला आदि सबै सम्पदा हुन्, त्यो बनाउने सीप पनि अमूर्त सम्पदा नै हो । यसको जगेर्ना, वस्तुको उत्पादनमा प्रोत्साहन, लगानी र बजारीकरण प्रदेश सरकारले हेर्नुपर्ने होइन र ? हामीसँग जे छ हामी त्यसैबाट उठ्छौँ । प्राकृतिक स्रोत साधनको अत्यधिक दोहन रोकेर अब 'हेरिटेज इकोनोमी' को अवधारणा जरुरी छ । पहाडको हकमा या जातजातिहरूकै हकमा उदाहरणका लागि डोको (आधुनिक समाजमा बाँसको फर्निचर भनौँ ।) 'बाँस इकोनोमी' को सम्भावना छ । हाम्रो प्रदेशमा यसरी भएका सीमित स्रोत साधनको उपयोगिता र त्यसबाट जनताको जीवनस्तर उठाउने सामान्य अर्थशास्त्रको नियम पनि यो बजेटले मानेको छैन ।

यो सभ्यताको युग हो । हामी वाग्मती सभ्यताको कुरा गर्छौं । बजेटले सभ्यता पुनर्जागरणको कुरा गर्नै सकेको छैन । भक्तपुरलगायत ऐतिहासिक नगरहरूलाई सांस्कृतिक नगर या पुरातात्त्विक सहरको हैसियतमा बजेट विनियोजन हुनुपर्ने हो । त्यसो पनि भएन । त्यतिमात्र होइन अव्यवस्थित सहरीकरण, बाटोघाटो, कोरिडोरले वातावरण र पर्यावरण मात्र होइन मानव सभ्यता मासिएको छ । हाम्रो बाग्मती नदी सभ्यतामा ढल, केमिकल मिसिएको छ । त्यो सफा गर्ने जिम्मेवारीबोध प्रदेशलाई किन हुँदैन ? एउटा अर्को दृष्टान्त फास्टट्राय्क नै हो । हामी भनिरहेका छौँ सुरुदेखि फास्टट्राय्क जनविरोधी छ; किसानविरोधी छ र सभ्यताविरोधी छ । सन्तुलित विकासको अवधारणाविपरीत छ । खोकना र बुङ्गमती यही प्रदेशको भूमि हो । त्यहाँका जनतालाई मात्र होइन फास्टट्राय्क उपत्यका र देशलाई नै चाहिएको छैन । सभ्यता मासेर बाटो बनाउनु विकास होइन विनाश हो । यो सबैतिर लागु हुन्छ र भविष्यको पुस्तासम्मले त्यो विनाश भोग्नुपर्ने हुन्छ । त्यसकारण, फास्टट्राय्क पीडित जनता अझै सडकमा छन्; आन्दोलित छन् र भन्दै छन् – "त्यो भारतीय विस्तारवाद उपत्यका छिर्ने ट्राय्क हो । त्यसकारण, फिर्ता गर, बन्द गर" भन्दै प्रदेश सरकारलाई पीडित किसान, पीडित जनताको पक्षमा उभिन आग्रह गर्दै छन् ।

सङ्घीयताले जिल्ला जिल्लामा व्यवस्थित सहर निर्माण गरी जनसङ्ख्या र सुविधा विकेन्द्रीकरण गर्नुपर्ने हो । फेरि पनि उपत्यकाको डाँडाकाँडा चिथोरेर बस्ती बसाल्ने जनसङ्या केन्द्रीकरण गर्ने नीति अवैज्ञानिक छ; अव्यावहारिक छ । प्रदेश बजेटले विकेन्द्रीकृत रूपमा एकातिर प्राकृतिक स्रोत जोगाउने र अर्कोतिर सभ्यता पनि जोगाउने सहर विकासको मूर्त योजना ल्याउनुपर्थ्यो । सभ्यता जोगाउनु भनेको भविष्यको निम्ति देश जोगाउनु हो । यसमा ध्यान दिए अर्को पुस्ता भविष्य पुस्तासमेतले प्रदेश सरकारको उपस्थिति र आवश्यकता महसुस गर्थ्यो, स्याबासी दिन्थ्यो । नौ वर्षमा पनि यो विषयमा प्रदेशले सोच्न र चिन्तन गर्न नसक्नुलाई कमजोरी मानेर आत्मालोचनाको लागि अनुरोध गर्दछु ।

*(वाग्मती प्रदेश सभा सदस्य सृजना सैंजूले प्रदेशसभाको बजेट अधिवेशन २०८३ को क्रममा गत असार १८ गते विनियोजन विधेयकमाथि छलफलमा राख्नुभएको विचारको सम्पादित अंश)*

# विश्वभरका लाखौं मानिससँगै म पनि स्पेनी बनेँ !

जियाद मोटाला

*(हामीमध्ये धेरैको लागि गाजा हाम्रो दिमागमा थियो जब विश्वकपमा स्पेनको विजय हेर्दै उत्सव मनायौं ।)*

हिजो राति स्पेनले अर्जेन्टिनालाई पराजित गर्दै विश्वकप जित्यो । सामान्यतया, हामीमध्ये ती व्यक्तिहरूका लागि जसको कुनै पनि देशसँग राष्ट्रिय सम्बन्ध छैन, कसलाई समर्थन गर्ने भन्ने छनौट गौरवशाली रूपमा तुच्छ थियो । हामीले त्यो टोली रोजेका हुन सक्छौं जसले बढी सुन्दर फुटबल खेल्थ्यो, हामीले सबैभन्दा धेरै मन पराएको खेलाडी वा केवल त्यो पक्ष जसको रङ्ग हामीले मन परायौं ।

तर, यो सामान्य परिस्थिति होइन ।

गाजा र प्यालेस्टिनले हामीमध्ये धेरैलाई संसार हेर्ने दृष्टिकोण बदलिदिएको छ । यो एउटा नैतिक ऐना बनेको छ, जसले सरकार र राजनीतिक नेताहरूको बारेमा मात्र नभई संस्था, विश्वविद्यालय, मिडिया, निगम र सार्वजनिक व्यक्तित्वहरूको बारेमा हाम्रो निर्णयलाई प्रतिबिम्बित गर्दछ । हामीले एक समय सम्मान गर्ने मानिसहरू र संस्थानहरूलाई मानिसहरूको विनाशबाट आफ्नो आँखा हटाएको देखेका छौं । हामीले अरूले भयानक घटनाहरूको सामना गर्दा योग्यता र अस्पष्टताको विस्तृत शब्दावली पत्ता लगाएको देखेका छौं, जबकि उही घटना यदि अर्को मानिसहरूमा लागि उनीहरूले बिना हिचकिचाहट निन्दा गर्ने थिए ।

अनि हामीले ती मानिसहरूलाई सम्झेका छौं जसले टाढा हेर्न अस्वीकार गरे ।

त्यसैले, हिजो राति म स्पेनी बनेँ ।

अवश्य पनि, फुटबल टोली सरकार होइन । स्पेनी फुटबल टोलीका खेलाडीहरू स्पेनी प्रधानमन्त्री पेड्रो सान्चेजको नीतिका लागि जिम्मेवार छैनन् । त्यसरी नै लियोनेल मेस्सी र उनका टोलीका साथीहरू अर्जेन्टिनाका राष्ट्रपति जेभियर मिलेइको राजनीतिको लागि जिम्मेवार छैनन् ।

तर, खेलकुद कहिल्यै पनि पूर्ण रूपमा बन्द अराजनीतिक संसारको अस्तित्वमा बस्दैन, जसरी हामी कहिलेकाहीं देखाउने ढोङ्ग गर्छौं । हामी खेलकुदमा आफूलाइ लिएर जान्छौं । हामी हाम्रो इतिहास, हाम्रो पहिचान, हाम्रो सहानुभूति र अनिवार्य रूपमा हाम्रो नैतिक मूल्याङ्कन पनि साथसाथै लान्छौं । कसले जितोस् भन्ने निर्णय हामीले प्राय: त्यस्ता कारणले गर्छौं जसको खेलको ढाँचा वा तथ्याङ्सँग धेरै कम सम्बन्ध हुन्छ ।

अनि त्यसैले, धेरै विवेकशील मानिसहरूका लागि, स्पेनले केही ठुलो कुराको प्रतिनिधित्व गर्न थालेको छ ।

गाजालाई लिएर पश्चिमी राजनीतिक संस्थापनको ठुलो हिस्सा नैतिक र भाषिक विकृतिमा आफूलाई मोडेको बेला, स्पेन अलगै उभिएको छ । सान्चेज र उनको सरकार स्पेनका धेरै पश्चिमी सहयोगीहरूबाट स्पष्ट रूपमा नदर्शाएको स्पष्टताका साथ बोल्न इच्छुक छन् । स्पेनले प्यालेस्टिन राज्यलाई मान्यता दियो । सान्चेजले गाजामा भइरहेको कुरा वर्णन गर्न खुलेआम नरसंहार शब्द प्रयोग गरेका छन् । उनको सरकारले



इजरायलविरुद्ध हतियार प्रतिबन्ध लगाउने कदम चालेको छ ।

स्पेनी सरकारको धारणाको महत्त्व बुझ्नको लागि उसको हरेक नीतिसँग सहमत हुनु आवश्यक छैन । नैतिक साहस त्यतिबेला मापन गरिन्छ जब कुनै पद लिंदा मूल्य चुकाउनुपर्छ ।

ला लिगा जितेपछि बार्सिलोनाको उत्सवमा विश्व फुटबलका सबैभन्दा चम्किला युवा तारामध्ये एक लामिन यामालले प्यालेस्टिनी झण्डा फहराएको हेर्नु पनि गहिरो रूपमा भावुक थियो ।

प्यालेस्टिनी पीडाको विशाल परिदृश्यमा यो एउटा सानो कदम थियो । तर, प्रतीकहरूले महत्त्व राख्छ, विशेष गरी जब धेरै शक्तिशाली संस्थाहरूले प्यालेस्टिनलाई अदृश्य बनाउन कडा मेहनत गरेका छन् ।

खेलकुद सफलताको शिखरमा यामाल थिए, उत्सवले घेरिएका ती मानिसहरूको झण्डा उठाउँदै जसको पीडा संसारलाई बारम्बार बिर्सन भनिएको छ । अनि हिजो राति उनले विश्वकप फाइनलमा स्पेनको रङ्ग लगाए र विश्व विजेता बने ।

अर्कोतर्फ अर्जेन्टिना उभिएको थियो, एक शानदार फुटबल खेल्ने राष्ट्र जसको नेतृत्व सायद आफ्नो पुस्ताको महान् फुटबलरले गरे । अनि यहाँ पनि गाजाले हामीमध्ये केहीले हेरेका भावनाहरूमा घुसपैठ गऱ्यो । कब्जा गरिएको पूर्वी जेरुसेलमको पश्चिमी पर्खालमा लियोनेल मेस्सीको एउटा तस्बिर व्यापक रूपमा प्रसारित भएको थियो । यो बार्सिलोनाको २०१३ को इजरायल र कब्जा गरिएको प्यालेस्टिनी क्षेत्रको भ्रमणको हो, जुन वर्तमान विपत्तिभन्दा वर्षौं अघिको थियो । तर, तस्बिरहरूको जीवन ती परिस्थितिहरूभन्दा बाहिर हुन्छ, जुन परिस्थितिमा तिनीहरू सिर्जना गरिएका थिए र गाजाले हामीमध्ये धेरैले उनीहरूलाई हेर्ने दृष्टिकोण परिवर्तन गरेको छ ।

लामिन यामालसँगको भिन्नता उल्लेखनीय छ । पश्चिमी पर्खालमा मेस्सीको तस्बिर छ । अनि त्यहाँ यामालको तस्बिर छ, जसले आफ्नो युवा करियरको सबैभन्दा खुसीको क्षणमा प्यालेस्टिनी झण्डा फहराउँदै थिए । फरक क्षण, फरक परिस्थिति, फरक मनसाय ।

तर, प्रतीकहरूको महत्त्व हुन्छ । गाजाले संसारलाई हेर्ने दृष्टिकोण परिवर्तन गरेकाहरूका लागि यो भिन्नताको भावनात्मक शक्ति महसुस नगर्नु असम्भव छ ।

अनि मेस्सीभन्दा बाहिर जेभियर मिलेइको राजनीति छ । अर्जेन्टिनाका राष्ट्रपतिले आफ्नो निष्ठा स्पष्ट पारेका छन् । गाजामा प्यालेस्टिनीहरूले अकल्पनीय विनाश भोगेको ऐतिहासिक क्षणमा उनले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई अँगालेका छन् र आफूलाई 'विश्वको सबैभन्दा यहुदीवादी राष्ट्रपति' घोषणा गरेका छन् ।

अर्जेन्टिनाका फुटबल खेलाडीहरू मिलेइको लागि जिम्मेवार छैनन् र यसका जनतालाई उनीहरूको राष्ट्रपतिमा सीमित गर्न सकिँदैन । तर, हामी बाँकीले हेरेको भावनाबाट ती राजनीतिलाई पूर्ण रूपमा मेटाउन पनि सकिँदैन ।

त्यसपछि अर्को हालसालैको मतदान छ जुन गाजाबाट धेरै टाढा थियो तर आफ्नै तरिकाले प्रकट भयो । मार्चमा, संयुक्त राष्ट्र सङ्घको महासभाले अफ्रिकीहरूको ट्रान्सएट्लान्टिक बेचबिखन र दासत्वको ऐतिहासिक गल्तीहरूको सामना गर्दै र परिपूरणात्मक न्यायको लागि आह्वान गर्ने एक ऐतिहासिक प्रस्ताव पारित गऱ्यो । एक सय तेइस देशले पक्षमा मतदान गरे । ५२ देशले मतदानमा भाग लिएनन् । सम्पूर्ण विश्वका केवल तीन देशले यसको विरुद्धमा मतदान गरे : संयुक्त राज्य अमेरिका, इजरायल र अर्जेन्टिना ।

यसमा केही असाधारण कुरा छ ।

मानवताको सबैभन्दा ठुलो ऐतिहासिक अपराध र परिपूरणात्मक न्यायको निरन्तर मागको मुद्दामा ट्रम्पको अमेरिका, बेन्जामिन नेतन्याहुको इजरायल र मिलेइको अर्जेन्टिनाले आफूलाई एकै ठाउमा उभिएको भेट्टाए, लगभग एक्लो ।

हामीमध्ये जो गाजाको ऐनाबाट संसारलाई हेर्छौं, उनीहरूलाई यो ढाँचा याद नगर्नु गाह्रो छ । मुद्दाहरू फरक छन्, इतिहास फरक छ र कानुनी प्रश्नहरू फरक छन् । तर, नैतिक प्रवृत्ति एकदमै परिचित देखिन्छ । जब ऐतिहासिक अन्यायका पीडितहरूले मान्यता, जवाफदेहिता र समाधानको माग गर्छन्, त्यही सरकारहरू प्राय: अर्को पक्षमा उभिने कारणहरू खोज्छन् ।

त्यसो भए, हो, हिजो राति मैले फुटबल खेल हेरेँ ।

मैले मेस्सीको प्रशंसा गरेँ किनभने महानता महानता नै रहन्छ । अर्जेन्टिनाको फुटबलको असाधारण इतिहास देखेर म छक्क परेँ ।

तर, म स्पेनले जितोस् भन्ने चाहन्थेँ ।

अनि स्पेनले जित्यो ।

सायद यसले गाजाले हामीलाई के गरेको छ भन्नेबारेमा केही भन्छ । यसले हाम्रो नैतिक भूगोललाई पुन: व्यवस्थित गरेको छ । पहिले टाढा महसुस हुने देशहरू अचानक नजिक महसुस हुन्छन् किनभने अरूहरू मौन हुँदा उनीहरूले बोलेका थिए । हामीले सोचेका सरकारहरूले हाम्रो सम्मान कमाउन सक्छन् किनभने गहिरो नैतिक परीक्षणको क्षणमा तिनीहरूले आफ्नो नजर हटाउन अस्वीकार गरे ।

अनि कहिलेकाहीं त्यो नैतिक भूगोल सबैभन्दा अप्रत्याशित ठाउँहरूमा फैलिन्छ ।

हिजो राति यो फुटबल मैदानमा फैलियो ।

लाखौंले स्पेनको विजय मनाए किनभने उनीहरू स्पेनी फुटबललाई माया गर्छन् किनभने उनीहरू लामिन यामालको प्रशंसा गर्छन् वा केवल उनीहरूको टोलीले खेलमा सबैभन्दा ठुलो पुरस्कार जितेको कारण ।

तर, धेरैले प्यालेस्टिनी जनतासँग ऐक्यबद्धता जनाउँदै उत्सव मनाए ।

विश्वकपले प्यालेस्टिनलाई न्याय प्रदान दिन सक्दैन । स्पेनको विजयले गाजामा भोको बच्चालाई खाना खुवाउने छैन, ध्वस्त घर पुनर्निर्माण गर्ने छैन वा मरेकाहरूलाई फिर्ता ल्याउने छैन ।

तर, मानिसहरू आंशिक रूपमा प्रतीकमार्फत बाँच्छन् । हिजो राति, हामीमध्ये केहीको लागि, स्पेनको रातो जर्सीले एउटा अर्थ बोकेको थियो जुन यसलाई कहिल्यै पनि वहन गर्न डिजाइन गरिएको थिएन ।

जब लामिन यामाल र उनका टोलीका साथीहरूले विश्वकप उठाए, मैले उनीहरूसँगै उत्सव मनाएँ ।

किनभने, गाजामा भएको घटनालाई फुटबलले परिवर्तन गर्न नसक्ने भएकोले होइन ।

तर, गाजाले फुटबलको खेल हेर्ने मेरो तरिका नै परिवर्तन गरिदिएको छ ।



अगस्ट ४, २०१३ मा कब्जा गरिएको पूर्वी जेरुसेलममा रहेको यहुदी धर्मको सबैभन्दा पवित्र स्थल पश्चिमी पर्खालको चिरामा एफसी बार्सिलोनाका फुटबल खेलाडी लियोनेल मेस्सीले शुभकामनासहितको कागज राख्दै । *(ओलिभर वीकेन/एएफपी)*




प्यालेस्टिनी कलाकारहरूले चित्रित गरेको भित्तेचित्रमा मे १३, २०२६ मा गाजा सहरको अल शाती शरणार्थी शिविरमा इजरायली सेनाले ध्वस्त पारेका भवनहरूको भग्नावशेषमा बार्सिलोनाको ला लिगा विजय परेडमा प्यालेस्टिनी झण्डा फहराउने फुटबल स्टार लामिन यमललाई चित्रण गरिएको छ । *(इब्राहिम हज्जाज/रोयटर्स)*



स्पेन हालको युरोपेली र विश्व च्याम्पियन *(ली स्मिथ/रोयटर्स)*

# भारतमा मोदी सरकार र शिक्षामन्त्रीविरुद्ध आन्दोलन जारी



नयाँदिल्ली, २१ जुलाई (एएफपी)। भारतमा परीक्षा प्रणाली सुधार र शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामाको माग गर्दै उत्रिएको 'कक्रोच जनता पार्टी' (सीजेपी) आन्दोलनले सरकार माग पूरा नभएसम्म आन्दोलन नरोकिने घोषणा गरेको छ। नयाँदिल्लीमा सोमबार भएको विशाल प्रदर्शनमा प्रहरी र प्रदर्शनकारीबिच झडप हुँदा कम्तीमा १७८ जना घाइते भएपछि आन्दोलन थप चर्किएको हो।

सीजेपीले सामाजिक सञ्जालमार्फत आन्दोलनलाई निरन्तर अघि बढाइने जनाएको छ। आन्दोलनका प्रमुख आशुतोष रङ्काले शिक्षामन्त्री प्रधानलाई पदबाट हटाउनुपर्ने माग दोहोऱ्याउँदै सरकार मौन बसेसम्म आन्दोलन जारी रहने बताउनुभयो।

मङ्गलबार पनि सयौँ प्रदर्शनकारी राजधानीको जन्तर–मन्तर क्षेत्रमा धर्नामा बसेका छन्। उनीहरूले शिक्षामन्त्रीको राजीनामासँगै परीक्षा प्रणालीमा व्यापक सुधार गर्नुपर्ने माग राखिरहेका छन्।

सोमबार हजारौँ प्रदर्शनकारी संसदतर्फ मार्च गर्न खोजेपछि प्रहरीले उनीहरूलाई रोक्न अश्रुग्यास प्रहार गर्नुका साथै लाठीचार्ज गरेको थियो। दिल्ली प्रहरीले प्रदर्शनकारी र सुरक्षाकर्मीबिच भएको झडपमा कम्तीमा १७८ जना घाइते भएको जनाएको छ। तीमध्ये वरिष्ठ अधिकारीहरूसहित ११८ जना प्रहरी कर्मचारी पनि छन्।

प्रहरीले प्रदर्शनकारीको भीडलाई 'अनियन्त्रित, आक्रामक र हिंसात्मक' भएको आरोप लगाएको छ। साथै झडपका क्रममा करिब ६० जना प्रदर्शनकारी पनि घाइते भएको जनाएको छ।

यद्यपि आन्दोलनका आयोजकहरूले प्रहरीको बल प्रयोगको कडा आलोचना गरेका छन्। आशुतोष रङ्काले वास्तविक मुद्दा उठाउन आएका विद्यार्थीमाथि प्रहरीले क्रूरतापूर्वक दमन गरेको आरोप लगाउँदै यसलाई भारतीय लोकतन्त्रका लागि लज्जास्पद घटना भन्नुभयो।

उहाँले सोमबार वरिष्ठ मन्त्री जे.पी. नड्डासँग भेटवार्ता गरे पनि सरकारले आन्दोलनकारीका मागबारे कुनै ठोस प्रतिक्रिया नदिएको बताउनुभयो।

मे महिनामा सुरु भएको सीजेपी आन्दोलनले छोटो अवधिमै सामाजिक सञ्जालमा लाखौँ समर्थक जुटाएको छ। विश्लेषकहरूले यसलाई प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०२४ मा तेस्रो कार्यकाल सुरु गरेयताको प्रमुख जनदबाबमध्ये एक मानेका छन्।

भारतमा पछिल्ला महिनाहरूमा सार्वजनिक परीक्षा प्रणालीसँग सम्बन्धित घोटालाहरू सार्वजनिक भएपछि विद्यार्थीको असन्तुष्टि बढ्दै गएको छ। गत महिना करिब २२ लाख मेडिकल विद्यार्थीले सुरक्षा व्यवस्थाबिच पुनः परीक्षा दिएका थिए। त्यसअघि करिब २० लाख माध्यमिक तहका विद्यार्थीको परीक्षाको अनलाइन मूल्याङ्कन प्रणालीसँग सम्बन्धित अर्को विवाद पनि सार्वजनिक भएको थियो।

तीव्र आर्थिक वृद्धिका बाबजुद स्थायी र राम्रो रोजगारीको अभाव तथा बारम्बार देखिएका परीक्षा अनियमितताले युवामा सरकारप्रतिको असन्तुष्टि बढाउँदै लगेको विश्लेषण गरिएको छ।

# भारतमा पहिलो डेङ्गु खोप स्वीकृत

नयाँदिल्ली, २१ जुलाई (एएफपी)। भारतले डेङ्गु नियन्त्रणका लागि पहिलोपटक खोप प्रयोगको अनुमति दिएको छ। स्वास्थ्य मन्त्रालयले जापानी औषधि कम्पनी टाकेडाले विकास गरेको 'क्युडेङ्गा' खोपलाई चारदेखि ६० वर्ष उमेर समूहका व्यक्तिमा प्रयोग गर्न स्वीकृति दिएको जनाएको छ। जलवायु परिवर्तन, तीव्र सहरीकरण र बढ्दो तापक्रमका कारण डेङ्गुको जोखिम बढिरहेका बेला यो निर्णयलाई महत्त्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ।

भारतको केन्द्रीय औषधि मानक नियन्त्रण सङ्गठन (सीडीएससीओ) ले खोपको गुणस्तर, सुरक्षा र प्रभावकारिताको विस्तृत मूल्याङ्कनपछि स्वीकृति प्रदान गरेको हो। मन्त्रालयका अनुसार उक्त खोप चारदेखि ६० वर्ष उमेर समूहका व्यक्तिमा डेङ्गु रोगको रोकथामका लागि प्रयोग गरिनेछ।

'क्युडेङ्गा' खोप दुई मात्रा (डोज) मा दिइनेछ। यसमा दोस्रो मात्रा पहिलो खोप लगाएको तीन महिनापछि लगाइने व्यवस्था छ।

टाकेडाले भारतमा खोपको उत्पादन र आपूर्ति विस्तार गर्न भारतीय कम्पनी बायोलोजिकल ईसँग सहकार्य गरिरहेको जनाएको छ।

मन्त्रालयका अनुसार उक्त खोपले डेङ्गु भाइरसका सबै चार प्रकार (सेरोटाइप) विरुद्ध सुरक्षा प्रदान गर्छ। यो खोप युरोपेली सङ्घ (इयु), बेलायत, स्विट्जरल्यान्ड, इन्डोनेसियासहित ४२ देशमा प्रयोगका लागि स्वीकृत भइसकेको छ। साथै यसले विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) को पूर्वयोग्यता (प्रि–क्वालिफिकेसन) पनि प्राप्त गरेको छ।

हालसम्म विश्वभर दुई करोड ४० लाखभन्दा बढी मात्रा वितरण भइसकेको र यसको प्रयोगका क्रममा कुनै गम्भीर सुरक्षा समस्या नदेखिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

डब्लुएचओका अनुसार विश्वको करिब आधा जनसङ्ख्या डेङ्गुको जोखिममा छ। प्रत्येक वर्ष विश्वभर अनुमानित १० करोडदेखि ४० करोडसम्म मानिस डेङ्गुबाट सङ्क्रमित हुने गरेका छन्। पछिल्ला वर्षहरूमा जलवायु परिवर्तन, मौसमको बदलिँदो स्वरूप र तीव्र सहरीकरणका कारण डेङ्गुको सङ्क्रमण उल्लेखनीय रूपमा बढेको छ।

भारतको पछिल्लो आधिकारिक तथ्याङ्कअनुसार सन् २०२१ यता देशमा १० लाखभन्दा बढी डेङ्गु सङ्क्रमण पुष्टि भएका छन् भने कम्तीमा एक हजार ५०० जनाको मृत्यु भएको छ।

यसैबिच भारतमै विकास भइरहेको पानासिया बायोटेकको 'डेन्गीअल' नामक डेङ्गु खोप अन्तिम चरणको क्लिनिकल परीक्षणमा पुगेको छ। स्वीकृति प्राप्त गरेपछि यो विश्वकै पहिलो एकल मात्रा (सिङ्गल डोज) डेङ्गु खोपमध्ये एक बन्न सक्ने अपेक्षा गरिएको छ।

# पूर्वी कङ्गोका विस्थापितहरूको शिविरमा इबोला फैलिन सक्ने संयुक्त राष्ट्रसङ्घको चेतावनी

जेनेभा, २१ जुलाई (क्युएनए)। संयुक्त राष्ट्रसङ्घले पूर्वी डेमोक्रेटिक रिपब्लिक अफ कङ्गो (डीआरसी) का विस्थापित शिविरहरूमार्फत इबोला फैलिने जोखिम बढेको चेतावनी दिएको छ। राष्ट्रसङ्घले आधारभूत सेवाहरूमा सीमित पहुँच, मानिसहरूको भीडभाडलगायतका कारणले सङ्क्रमण फैलाउने वातावरण भएको उद्धृत गर्दै सङ्क्रमणको जोखिम अझै उच्च हुन सक्ने बताएको हो।

मानवीय मामिला तथा समन्वयका लागि संयुक्त राष्ट्रसङ्घको कार्यालय (ओसिइएचए) ले हालको प्रकोपको केन्द्र बिन्दु इटुरी प्रान्तमा रहेका कम्तिमा १६ वटा विस्थापन शिविरहरूमा इबोलाका घटनाहरू रिपोर्ट गरिएको पुष्टि गरेको छ भने यी शिविरमा दुई लाख ७० हजार भन्दा बढी विस्थापितहरू आश्रय लिइरहेका छन्।

ओसिइएचएले संयुक्त राष्ट्रसङ्घ र यसका मानवीय साझेदारहरूले हात धुने स्टेसनहरू स्थापना गरेको तथा रोगको फैलावट रोक्न मद्दत गर्न सामुदायिक जागरूकता अभियान जारी राखेको जनाइएको छ।

यसैबिच कङ्गोका पाँच वटा प्रान्तका साथै छिमेकी मुलुक युगान्डामासमेत इबोलाको सङ्क्रमण पुष्टि भएको रिपोर्ट गरिएको बताएको छ।

ओसिइएचएले मानवीय आवश्यकताहरूले उपलब्ध स्रोतहरूलाई पछाडि पार्दै इबोला प्रतिक्रिया प्रयासहरू कायम राख्न र वर्षौंको द्वन्द्व, विस्थापन र बिग्रँदै गएको मानवीय अवस्थासँग जुझिरहेका विस्थापित समुदायहरूलाई सहयोग गर्न अझै बढी अन्तर्राष्ट्रिय सहयोगको आग्रह गर्दै उच्च जोखिमको चेतावनी दिएको छ।

मानव अधिकारवादी एजेन्सीले हालको इबोला प्रकोपको मुख्य कारको रूपमा देखापरेको बुन्डिबुग्यो भाइरस नियन्त्रणका लागि हालसम्म कुनै स्वीकृत खोप वा उपचार हाल उपलब्ध नभएको पनि उल्लेख गरेको छ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का अनुसार इबोला प्रकोप हालसम्म दुई हजार ३४४ जनामा पुष्टि भएको रेकर्ड गरिएको छ भने यसका कारण ९३० जनाको मृत्यु भएको र ४६६ जनालाई निको भइसकेको जनाइएको छ।

# बालबालिकामा सामाजिक सञ्जाल नियन्त्रणको लहर

पेरिस, २१ जुलाई (एएफपी)। बालबालिकाको मानसिक स्वास्थ्य, सुरक्षा र डिजिटल लतप्रतिको बढ्दो चिन्ताबिच विश्वका विभिन्न देशले सामाजिक सञ्जालमा उमेरको सीमा कडा बनाउने नीति अघि सारेका छन्।

फ्रान्सको संसदले मङ्गलबार १५ वर्षमुनिका बालबालिकालाई सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्ध लगाउने विधेयकमाथि मतदान गर्दै गर्दा विश्वका करिब २० देशले यस्तै कानुन लागू गरिसकेका वा तयारी गरिरहेका छन्। एएफपीका अनुसार तीमध्ये पाँच देशमा यस्तो प्रतिबन्ध पहिले नै कार्यान्वयनमा आइसकेको छ।

अस्ट्रेलियाले सन् २०२५ को डिसेम्बरदेखि १६ वर्षमुनिका बालबालिकाका लागि सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्ध लागू गरेको छ। इन्डोनेसिया र मलेसियाले पनि यस वर्षदेखि १६ वर्षमुनिका प्रयोगकर्तामाथि यस्तै प्रतिबन्ध लागू गरेका छन्। टर्कीले १५ वर्षमुनिका बालबालिकाका लागि सामाजिक सञ्जाल निषेध गर्ने कानुन पारित गरिसकेको छ। उक्त कानुन सन् २०२६ को अन्त्यदेखि लागू हुने अपेक्षा गरिएको छ। संयुक्त अरब इमिरेट्सले पनि १५ वर्षमुनिका बालबालिकामाथि प्रतिबन्ध लगाउने घोषणा गर्दै त्यसको कार्यान्वयनका लागि तयारी गरिरहेको छ।

ब्राजिलले सामाजिक सञ्जाल प्रयोग गर्ने १६ वर्षमुनिका बालबालिकाको खाता अभिभावकसँग अनिवार्य रूपमा जोड्ने तथा उमेर प्रमाणीकरण गर्ने कानुनी व्यवस्था अघि बढाएको छ। चीनले भने सन् २०१९ देखि नै नाबालिगहरूको इन्टरनेट पहुँच क्रमशः सीमित गर्दै आएको छ। सुरुमा अनलाइन गेममा समय सीमा र रातिको कर्फ्यु लागू गरिएको थियो भने पछि सामाजिक सञ्जाल र स्ट्रिमिङ प्लेटफर्ममा समेत त्यस्ता प्रतिबन्ध विस्तार गरिएको छ।

युरोपमा पनि बालबालिकाको डिजिटल पहुँच सीमित गर्ने बहस तीव्र बन्दै गएको छ। युरोपेली आयोगले यस वर्षको अन्त्यसम्म १३ वर्षमुनिका बालबालिकाका लागि पूर्ण प्रतिबन्ध तथा १३ देखि १८ वर्षसम्मका किशोरका लागि क्रमिक पहुँचको प्रस्ताव ल्याउने तयारी गरेको छ।

ग्रिसले सन् २०२७ देखि १५ वर्षमुनिका बालबालिकाका लागि सामाजिक सञ्जालमा प्रतिबन्ध लागू गर्ने घोषणा गरिसकेको छ। अस्ट्रिया र स्लोभेनियाले क्रमशः १४ र १५ वर्षमुनिका बालबालिकाका लागि यस्तै कानुनको तयारी गरिरहेका छन्। जर्मनीमा उमेर वा प्लेटफर्मका आधारमा पहुँच सीमित गर्ने विकल्पमाथि अध्ययन भइरहेको छ भने स्विडेनले सन् २०२८ देखि १५ वर्षमुनिका बालबालिकाका लागि प्रतिबन्ध लगाउने प्रस्ताव अघि सारेको छ। डेनमार्कले पनि १५ वर्षमुनिका बालबालिकालाई धेरै सामाजिक सञ्जाल प्लेटफर्मबाट रोक्ने योजना सार्वजनिक गरिसकेको छ। आयरल्यान्डले युरोपेली सङ्घ (इयु) को साझा निर्णय नआए आफ्नै कानुन ल्याउने सङ्केत दिएको छ।

युरोपेली सङ्घ (इयु) बाहिर नर्वेले १६ वर्षमुनिका बालबालिकाको पहुँच सीमित गर्ने विधेयक यसै वर्षको अन्त्यसम्म संसदमा दर्ता गर्ने तयारी गरेको छ। बेलायतले सन् २०२७ को सुरुदेखि १६ वर्षमुनिका बालबालिकाका लागि सामाजिक सञ्जालमा प्रतिबन्ध लगाउने योजना अघि बढाइरहेको छ। क्यानाडाले पनि सामाजिक सञ्जाल प्रयोगको न्यूनतम उमेर १६ वर्ष बनाउने तयारी गरिरहेको छ भने भारतका विभिन्न राज्यले यस्ता प्रतिबन्धबारे छलफल सुरु गरेका छन्। भारत सरकारले सम्भावित व्यवस्थाबारे सामाजिक सञ्जाल कम्पनीसँग परामर्श गरिरहेको जनाएको छ।

यसैबिच फ्रान्सको संसदमा १५ वर्षमुनिका बालबालिकालाई सामाजिक सञ्जाल प्रयोगमा रोक लगाउने विधेयक अन्तिम चरणमा पुगेको छ। प्रतिनिधिसभा र सिनेटबिच सहमति भएपछि मङ्गलबार मतदान हुन लागेको हो। तल्लो सदनले जनवरीमै विधेयक पारित गरे पनि सिनेटले सबै प्लेटफर्मको सट्टा बढी जोखिमयुक्त प्लेटफर्मलाई मात्र लक्षित गर्ने संशोधन गरेपछि ब्रसेल्समा त्यसबारे चासो व्यक्त गरिएको थियो।

फ्रान्स सरकारले यो कानुन आगामी सेप्टेम्बरदेखि लागू गर्ने लक्ष्य लिएको छ। डिजिटल मन्त्री आन ले हेनाफले यो व्यवस्था लागू भए फ्रान्स युरोपमा 'डिजिटल कानुनी उमेर' निर्धारण गर्ने पहिलो देश बन्ने बताउनुभएको छ।

यस्तै, पोर्चुगलले सामाजिक सञ्जाल, खेल, सेवा र डिजिटल एप स्वतन्त्र रूपमा प्रयोग गर्न न्यूनतम उमेर १६ वर्ष कायम गर्ने विधेयकमाथि विचार गरिरहेको छ। स्पेनले सामाजिक सञ्जालमा दर्ता हुन आवश्यक न्यूनतम उमेर १४ बाट १६ वर्ष पुऱ्याउने प्रस्ताव अघि सारेको छ भने इटालीको संसदले १५ वर्षमुनिका बालबालिकाले सामाजिक सञ्जाल प्रयोग गर्न नदिने कानुनमाथि छलफल गरिरहेको छ।

# आईएमएफद्वारा युक्रेनलाई ६९ करोड डलर ऋण उपलब्ध गराउने घोषणा

वासिङ्टन, २१ जुलाई (क्युएनए)। अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले युक्रेनको ऋण कार्यक्रमको समीक्षा गर्दै युक्रेनलाई तत्काल ६९ करोड डलर थप ऋण उपलब्ध गराउने घोषणा गरेको छ।

युक्रेनले आर्थिक स्थिरता कायम राख्न स्थिति र सुधारमा आवश्यक कार्य गर्न दबाब दिइरहेको अवस्थामा रूसले आफ्नो आक्रमण निरन्तर जारी राखेको समयमा यो समीक्षा आएको हो। सन् २०२२ को सुरुवातमा रूसले युक्रेनमाथि आक्रमण गरेर सुरु भएको दुई देशबिचको युद्ध हाल पाँचौँ वर्षसम्म पनि चलिरहेको छ।

युक्रेनले रूसको निरन्तर आक्रमण अधिक चुनौतीपूर्ण बाह्य वातावरण र जोखिमहरूको असाधारण अवस्थाको बाबजुद समष्टि आर्थिक र वित्तीय स्थिरता कायम राखेको जनाउँदै आईएमएफले युक्रेनको ऋण कार्यक्रमको प्रदर्शन समग्रमा सन्तोषजनक भएको बताएको छ। आईएमएफकी प्रबन्ध निर्देशक क्रिस्टालिना जर्जिवाले कार्यकारी बोर्डको छलफलपछि द्वन्द्वको सामना गर्न युक्रेनले उल्लेखनीय उद्धारता जारी राखेको बताउनुभएको छ।

# भक्तपुरमा २ लाख २२ हजार विदेशी पर्यटक आगमन

कृतिका प्रजापति

विश्व सम्पदामा सूचिकृत ऐतिहासिक नगर भक्तपुर आफ्नो मौलिक कला, संस्कृति, परम्परा र जीवन्त सम्पदाका कारण स्वदेशी तथा विदेशी पर्यटकहरूको प्रमुख गन्तव्यको रूपमा परिचित छ। यहाँको दरबार क्षेत्र, प्राचीन मन्दिर, बहा-बही, पोखरी, साँघुरा गल्ली, नेवारी वास्तुकला, जात्रा-पर्व तथा मौलिक परिकारहरूले वर्षभरि हजारौं पर्यटकलाई आकर्षित गरिरहेका छन्।

भक्तपुर भ्रमणमा आउने पर्यटकहरूले पाँचतले मन्दिर, पचपन्न झ्याले दरबार, वत्सला मन्दिर, दत्तात्रय क्षेत्र, चाँगुनारायण मन्दिरलगायतका ऐतिहासिक सम्पदाको अवलोकन गर्नुका साथै जुजु धौ, बारा, योमरीजस्ता स्थानीय परिकारको स्वाद लिन रुचाउँछन्। माटोका भाँडा बनाउने परम्परागत कुम्हाले टोल, काठ र धातुमा आधारित हस्तकला तथा स्थानीय जीवनशैली पनि पर्यटकका लागि विशेष आकर्षण बनेका छन्।

पर्यटनले भक्तपुरको आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। होटल, रेस्टुरेन्ट, हस्तकला व्यवसाय, पर्यटन मार्गदर्शक तथा स्थानीय उद्यमीहरूले प्रत्यक्ष रूपमा रोजगारी र आयआर्जनका अवसर प्राप्त गरिरहेका छन्। यसले स्थानीय कला, संस्कृति र परम्पराको संरक्षण तथा प्रवर्द्धनमा समेत सकारात्मक भूमिका खेलेको देख्न सकिन्छ।

पर्यटकको बसाइँ लम्ब्याउन सम्पदाको संरक्षण, सरसफाइ, व्यवस्थित सूचना प्रणाली, गुणस्तरीय पर्यटन सेवा, सांस्कृतिक कार्यक्रम, स्थानीय उत्पादनको प्रवर्द्धन तथा सुरक्षित वातावरण सुनिश्चित गर्नु आवश्यक छ। साथै, पर्यटकमैत्री पूर्वाधार निर्माण, डिजिटल प्रवर्द्धन र समुदायको सक्रिय सहभागिताले भक्तपुरलाई अझ आकर्षक अन्तर्राष्ट्रिय पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्न सहयोग पुग्नेछ।

भक्तपुर एउटा ऐतिहासिक नगर मात्र होइन, जीवित संस्कृति र सभ्यताको खुला सङ्ग्रहालय हो। यसको मौलिक पहिचानलाई संरक्षण गर्दै गुणस्तरीय पर्यटन विकास गर्न सके भक्तपुर नेपालको पर्यटन क्षेत्रको अझ सशक्त केन्द्रको रूपमा स्थापित हुने निश्चित छ।

भक्तपुर नगरपालिकाले पर्यटनलाई आर्थिक समृद्धिको महत्त्वपूर्ण आधारका रूपमा लिंदै सम्पदाको संरक्षण, पर्यटन सेवाको गुणस्तर अभिवृद्धि तथा दिगो पर्यटन विकासका कार्यक्रमलाई निरन्तर अघि बढाइरहेको छ। पर्यटन क्षेत्रका सबै सरोकारवालाको सहकार्य र समुदायको सक्रिय योगदानबाट भक्तपुरलाई अझ आकर्षक, व्यवस्थित र अन्तर्राष्ट्रिय स्तरको सांस्कृतिक पर्यटन



गन्तव्यको रूपमा स्थापित गर्न सकिनेछ।

**तथ्याङ्कगत विश्लेषण :**

भक्तपुर नगरपालिका पर्यटन सूचना तथा सेवा केन्द्रको आर्थिक वर्ष २०८२/८३ को तथ्याङ्कअनुसार उक्त वर्ष कुल २ लाख २१ हजार ९७६ जना पर्यटकले भक्तपुर भ्रमण गरेका छन्। अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा यो सङ्ख्या २ लाख ४४ हजार ८६८ रहेको थियो। यस आधारमा गत वर्षको तुलनामा यस वर्ष २२ हजार ८९२ जना अर्थात् ९.३५ प्रतिशतले पर्यटक आगमनमा कमी आएको देखिन्छ।

विदेशी (गैरसार्क) पर्यटकतर्फ आर्थिक वर्ष २०८२।८३ मा १ लाख ११ हजार ४४५ जना पर्यटकले भक्तपुर भ्रमण गरेका छन्, जुन अघिल्लो वर्षको तुलनामा १७ हजार ९३६ जना (१३.८६ प्रतिशत) कम हो। यस समूहबाट प्राप्त प्रवेश शुल्क आम्दानी पनि घटेको छ। त्यस्तै, सार्क तथा चीनका पर्यटकको सङ्ख्या १ लाख १० हजार ५३१ रहेको छ, जुन अघिल्लो वर्षको तुलनामा ४ हजार ९५६ जना (४.२९ प्रतिशत) ले कम हो। यसबाट प्राप्त आम्दानीमा पनि कमी आएको तथ्याङ्कले देखाएको छ।

आर्थिक वर्ष २०८२।८३ मा प्रवेश शुल्कबाट रु. २७ करोड ५० लाख ६३ हजार ५०० र अमेरिकी डलर २३ हजार १९० आम्दानी भएको छ। अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा यो रकम २९ करोड ११ लाख भन्दा बढी थियो। अघिल्लो वर्षको तुलनामा नेपाली मुद्रातर्फ करिब रु. १ करोड १८ लाख ६८ हजार ६०० तथा अमेरिकी मुद्रातर्फ ७ हजार ६२० डलर कम आम्दानी भएको देखिन्छ। यसरी पर्यटक सङ्ख्या घटेसँगै पर्यटन आम्दानीमा पनि प्रत्यक्ष प्रभाव परेको स्पष्ट हुन्छ।

इरान-अमेरिका द्वन्द्व तथा २०८२ भदौ २३ र २४ गते भएका घटनालगायतका कारण अन्तर्राष्ट्रिय पर्यटक आगमनमा केही प्रभाव परेको देखिएको छ।

यस परिस्थितिलाई मध्यनजर गर्दै भक्तपुर नगरपालिकाले आन्तरिक पर्यटन प्रवर्द्धनलाई विशेष प्राथमिकतामा राखी विभिन्न उत्सव, पदयात्रा, सांस्कृतिक कार्यक्रम तथा अन्य पर्यटन प्रवर्द्धनात्मक गतिविधिहरू सञ्चालन गर्दै आन्तरिक पर्यटकको सङ्ख्या वृद्धि गर्ने प्रयास गरिरहेको छ।

माथिको तथ्याङ्कले भक्तपुरमा पर्यटक आगमन केही घट्नुका पछाडि कोभिड-१९ पछिको पर्यटन क्षेत्रको पूर्ण पुनरुत्थान हुन नसक्नु, विश्वव्यापी आर्थिक मन्दी, जेनजी आन्दोलन, अन्तर्राष्ट्रिय युद्ध, काठमाडौं उपत्यकाका अन्य पर्यटकीय गन्तव्यसँगको प्रतिस्पर्धा तथा अन्तर्राष्ट्रिय स्तरमा पर्याप्त प्रचारप्रसार हुन नसक्नुजस्ता कारणहरू प्रमुख रूपमा रहेका छन्।

भक्तपुर नगरपालिकाको पर्यटन सूचना तथा सेवा केन्द्रका अनुसार आर्थिक वर्ष २०८२/८३ मा अमेरिका, अर्जेन्टिना, अस्ट्रेलिया, अस्ट्रिया, बेल्जियम, ब्राजिल, क्यानडा, चिली, चीन, चेक गणतन्त्र, डेनमार्क, इङ्ल्यान्ड, फिनल्यान्ड, फ्रान्स, जर्मनी, ग्रीस, होलान्ड, हङ्गेरी, आइसल्यान्ड, भारत, आयरल्यान्ड, इजरायल, इटाली, जापान, मलेसिया, मेक्सिको, न्युजिल्यान्ड, नर्वे, पोल्यान्ड, पोर्चुगल, रुस, दक्षिण अफ्रिका, दक्षिण कोरिया, सिङ्गापुर, स्पेन, स्वीडेन, स्वीट्जरल्यान्ड, ताइवान, थाइल्यान्ड, टर्कीलगायत अन्य विभिन्न देशका पर्यटकहरूले भक्तपुर भ्रमण गरेको तथ्याङ्कले देखाउँछ।

भक्तपुर नगरपालिकाले हाल खौमा, सानोब्यासी, ठूलो ब्यासी, महाकाली, बेखाल, मूलढोका, कमलविनायक, च्याम्हासिंह, जगाती, भेलुखेल, राममन्दिर, बाराही, वंशगोपाल र भार्वाचोस्थित १४ वटा पर्यटन शुल्क सङ्कलन काउन्टरमार्फत नगर प्रवेश गर्ने बाह्य पर्यटकहरूबाट पर्यटन प्रवेश शुल्क सङ्कलन गर्दै आएको छ। साथै, शुल्क नतिरी नगर क्षेत्रमा प्रवेश गर्ने पर्यटकहरूको नियमित अनुगमन गरी उनीहरूलाई सम्बन्धित काउन्टर वा तोकिएको स्थानमा शुल्क तिर्ने व्यवस्था मिलाउँदै आएको छ।

भक्तपुर नगरपालिकाले आर्थिक वर्ष २०८२/८३ देखि अमेरिकी डलरको विदेशी विनिमय दरमा भएको परिवर्तनलाई मध्यनजर गर्दै गैरसार्क मुलुकका पर्यटकहरूबाट लिँदै आएको प्रतिपर्यटक ने.रु. १,८०० प्रवेश शुल्कलाई समायोजन गरी रु. २,००० कायम गरेको छ। साथै, सार्क सदस्य राष्ट्र तथा चिनियाँ पर्यटकहरूका लागि प्रतिपर्यटक रु. ५०० प्रवेश शुल्क यथावत् सङ्कलन गर्दै आएको छ।

**सांस्कृतिक सम्पदा संरक्षण र पर्यटन प्रवर्द्धनमा भक्तपुर नगरपालिकाको सक्रियता**

विश्व सम्पदामा सूचिकृत ऐतिहासिक तथा सांस्कृतिक सम्पदाले सम्पन्न भक्तपुर नगरपालिकाले सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र पर्यटन प्रवर्द्धनलाई उच्च प्राथमिकतामा राख्दै विभिन्न योजना तथा कार्यक्रम सञ्चालन गर्दै आएको छ। नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदालाई पर्यटन उद्योगको प्रमुख आधारका रूपमा विकास गर्दै तिनको दीगो संरक्षणका लागि आवश्यक नीति तथा कार्यक्रम कार्यान्वयन गरिरहेको छ।

नगरपालिकाका अनुसार बढ्दो आन्तरिक तथा बाह्य पर्यटकको चापसँगै ऐतिहासिक मठ-मन्दिर, बहा-बही, पाटी-सत्तल, चौतारा, स्मारक, मूर्ति तथा कलाकृतिहरूको संरक्षणमा थप चुनौती देखिएको छ। यसलाई मध्यनजर गर्दै सम्पदामा पर्ने नकारात्मक प्रभावबारे अध्ययन-अनुसन्धान गरी आवश्यक संरक्षणका उपायहरू अघि बढाइएको छ।

नगरपालिकाले धार्मिक तथा सांस्कृतिक गतिविधिका क्रममा हुने अव्यवस्थित पूजा, बलि, आरती, धूप, टीका, रङ्गरोगन तथा अन्य गतिविधिले सम्पदामा पुग्न सक्ने क्षतिलाई नियन्त्रण गर्न आवश्यक व्यवस्थापन र सचेतना कार्यक्रम सञ्चालन गरिरहेको छ। त्यसैगरी, मठ-मन्दिर परिसरमा हुने अवाञ्छित गतिविधि, ठूलो आवाज तथा कम्पन उत्पन्न गर्ने बाजागाजा र अन्य जोखिमपूर्ण गतिविधिबाट सम्पदाको संरक्षणमा असर नपरोस् भन्ने उद्देश्यले आवश्यक मापदण्ड र व्यवस्थापनका उपायहरू अवलम्बन गर्दै आएको छ।

भक्तपुरका मठ-मन्दिर, बहा-बही धार्मिक आस्थाका केन्द्र मात्र नभई ऐतिहासिक, पुरातात्त्विक तथा सांस्कृतिक पर्यटनका महत्त्वपूर्ण आधार भएकाले तिनको संरक्षण गर्नु सबै सरोकारवालाको साझा जिम्मेवारी हो। यही उद्देश्यका साथ नगरपालिकाले समय-समयमा सरोकारवाला निकाय, संरक्षणविद्, संस्कृतिविद् तथा स्थानीय समुदायसँग छलफल र बैठक आयोजना गर्दै सुझाव सङ्कलन गरी संरक्षणका कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै आएको छ।

सांस्कृतिक सम्पदाको संरक्षण र पर्यटन प्रवर्द्धनलाई सँगसँगै अघि बढाउँदै दीगो विकास हासिल गर्ने लक्ष्यका साथ भक्तपुर नगरपालिका सम्पदाको मौलिकता जोगाउँदै भावी पुस्ताका लागि सुरक्षित राख्ने दिशामा निरन्तर सक्रिय रहेको छ।

# गोरो बनाउने 'क्रिमको कालो कथा–गोरो हुनु सुन्दरता हो' भन्ने भ्रम

● अरुणा

मानिसको छालाको रङ शरीरमा भएको मेलानिन नामक पदार्थका कारण हुन्छ। बढी मेलानिन भएकाहरूको रङ कालो र कम भएकाहरूको गोरो वा गहुँगोरो हुन्छ। त्यसरी नै कपालको रङ पनि कसैको कालो, कसैको खैरो, कसैको हल्का खैरो हुन्छ। यी सबै प्राकृतिक कुरा हुन्। मानिसको यो प्राकृतिकपनालाई वा शरीरमा बढी मेलानिन हुनुलाई 'रोग लागेको' भन्ने यस्ता विज्ञापनलाई नै रोक लगाउनु उचित हो। रोक नलगाएको अवस्थामा उपभोक्ताले नै बहिष्कार गर्नु बढी श्रेयष्कर हुन्छ।


'गोरो हुनु सुन्दरता हो' भन्ने भ्रम पनि यस्तै वस्तु उत्पादक बहुराष्ट्रिय कम्पनीहरूले सिर्जना गरिरहेका छन्। जाति प्रजाति र भौगोलिक अवस्थाअनुसार विभिन्न भू-भागका मानिसको रङ पनि फरक-फरक नै हुन्छ।

कालो, गोरो, गहुँगोरो, सेतो, खैरो वा अरू कुनै रङ भएका मानिस त्यस स्थानका लागि र त्यो समुदायका लागि सुन्दर र सुहाउँदिलो नै हुन्छन्। तर, अर्को स्थानमा जाँदा स्वाभाविक रूपमा भिन्न र अमिल्दो हुनसक्छ। कुन वर्ण सुन्दर भन्ने मानिसको दृष्टिकोणमा भर पर्ने कुरा हो।

कुनै वर्णविशेष संसारभरका लागि मान्य हुन्छ भन्ने हुँदैन। तर, बहुराष्ट्रिय कम्पनीहरूले सेतो वा गोरो हुनु नै सुन्दर हुनु हो भन्ने भ्रम छर्दै अन्य रङको छालालाई पनि गोरो वा सेतो बनाउने क्षमता भएका क्रिम बजारमा ल्याएको दाबीका साथ विज्ञापन गरिरहेका हुन्छन्। यसले मानिसमा भ्रम उत्पन्न गरेर त्यस्ता वस्तु किन्न बाध्य पार्ने त छँदै छ, साथै मानिसमा भेदभाव पनि सिर्जना गरिरहेको छ।

मानिसको कुनै एउटा रङ राम्रो हो भनेर प्रचार गर्नु शतप्रतिशत भेदभाव र अन्यायपूर्ण हो। यसले सेतो तथा गोरो रङबाहेकका मानिसलाई हिनताबोध र आत्मग्लानी गराइरहेको हुन्छ।

यस किसिमको भेदभाव गरेर हिनता भाव सिर्जना गर्दा पनि आम मानिसले यसको विरोध गरिरहेको देखिन्न। बरु, उल्टै त्यस्ता विभेदयुक्त भनाइको समर्थनमा गोरो बनाउने भनिएका त्यस्ता क्रिम खरिद गर्नमा हामीले ठूलो रकम खर्च




गरिरहेका छौं। आफ्नो प्राकृतिक रङलाई विकृत बनाउने महँगा क्रिम खरिद गरेर मुखमा पोतिरहेका छौं।

किशोरावस्थामा प्रवेश गरेका स्कूल जाने उमेरका कतिपय केटीले पनि गोरो बन्ने भनिएका क्रिम लगाएर अनुहारलाई कुरूप अवस्थामा पुऱ्याउने गरेको पाइएको छ। बान्द्रबिसेको एउटा स्कूलमा जाँदा केही किशोरीको अनुहारमा अलि बढी नै कालो पोतो पाइयो।

उनीहरूसँग चिकित्सकले अन्तक्रिया गर्दा छाला गोरो पार्ने भनिएको २५ रुपैयाँ पर्ने क्रिम लगाएपछि उनीहरूमा यस्तो समस्या आएको फेला पऱ्यो। स्कूलमा पढ्ने गहुँगोरो वर्णका ती किशोरीले 'सेतो छाला' को चाहना राखेका थिए।

आफ्नो अनुहारको छाला सेतो पार्न लगाइएको क्रिमले उनीहरूको छालामा समस्या उत्पन्न भयो। यस किसिमको समस्या स्कूल पढ्ने किशोरीहरूमा प्रशस्तै देखिने गरेको छ।

छालारोग विशेषज्ञ डा. सविना भट्टराईका अनुसार अस्पतालमा दैनिक २-३ जना मानिस गोरोपन बढाउने भनिएको क्रिम लगाउँदा छाला बिग्रिएर अनुहार नै कुरूप बनेपछि उपचार गर्न आउने गरेका छन्।

यसरी आउनेले गोरो पार्ने क्रिम लगाउँदा केही दिनसम्म त राम्रो देखिएको, तर पछि छाला बिग्रिँदै गई कालो चाया आएर झन् विरूप भएको पीडा सुनाएका थिए। डा. सविनाका अनुसार छाला विरूप भएपछि उपचार गर्न पनि कठिन हुन्छ। साथै, यसरी छाला बिग्रेका कारण उनीहरूको आत्मविश्वास पनि हराउन थाल्छ।

डा. सविनाले अनुहारमा लगाउने भनिएका हानिकारक क्रिमका कारण विरूप बनेर उपचारका लागि आएका धेरै पीडित महिलाको फोटो सङ्कलन गर्नुभएको छ। यी फोटाहरू हेर्दा क्रिम भनेको मानिसको अनुहार विरूप गराउने विषादी नै हो कि भन्ने अनुभव हुन्छ। यसरी पीडित बनेर आउनेमा धेरै युवतीहरू छन्, जसमा पढेलेखेका र स्वास्थ्य क्षेत्रमै काम गरेकाहरू पनि छन्।

डा. सविनाको अस्पतालमा कार्यरत एक जना नर्ससमेत यस्तै गोरोपन बढाउने भनिएको क्रिम लगाएर छाला बिग्रिएपछि कुरूप अवस्थामा उपचार गर्न आएकी थिइन्। छाला गोरो पार्न रामवाण भनेर प्रचार गरिएको एउटा हर्बल (जडिबुटी) क्रिम लगाएको केही दिनमै उनलाई समस्या सुरु भएको थियो।

त्यस क्रिममा कस्ता-कस्ता रसायन प्रयोग गरिएको छ भन्नेतिर उनको ध्यान गएन। बरु जडिबुटीले बनेको भनेपछि राम्रै हुन्छ होला भनेर उक्त क्रिम लगाएको उनको भनाइ छ।

गोरो बनाउने भनिएका क्रिमले छालामा विभिन्न समस्या उत्पन्न गर्नसक्ने भएकाले यसको जथाभावी प्रयोग नगर्न छालारोग विशेषज्ञहरूले बारम्बार चेतावनी दिँदै आएका छन्, तर प्रयोगकर्ताहरू ध्यान दिँदैनन्।

छालारोग विशेषज्ञ डा. विमल ओझाले भन्नुभएको थियो, "मकहाँ अनुहारको छाला बिग्रियो, दाग आयो भनेर गुनासो गर्दै उपचारका लागि धेरै मानिस आउँछन्। उनीहरूको कुरा सुनेपछि थाहा हुन्छ, ३-४ महिनादेखि लगाइरहेको गोरो पार्ने क्रिम नै त्यसको कारण हो। तर, उनीहरूलाई यही कुरा भन्दा विश्वास गर्दैनन्। लगातार आइरहेका विज्ञापनले उनीहरूको मस्तिष्क नै एकोहोरो बनाएको हुँदो रहेछ। म उनीहरूलाई गोरोपनको क्रिम छाड्ने सल्लाह दिन्छु। त्यसको सट्टा स्वस्थ जीवनशैली अपनाउन र पौष्टिक खानामा ध्यान दिन भन्छु। तर सबैले यो कुरा बुझ्दैनन्।"

स्वस्थकर खाना, पानी र योगले अनुहार र शरीर स्वस्थ रहन्छ। स्वस्थ भएपछि चमक आउँछ। छालाको रङ्ग गहुँगोरो होस् वा कालो होस् वा गोरो होस्, अस्वस्थ शरीरमा कसरी सुन्दरता आउँछ? गोरोपन नै सौन्दर्यको मापदण्ड हुँदो हो त अमेरिका र युरोपका सबै गोरा महिला-पुरुष सौन्दर्यवान मानिन्थे होला।

अनुहार र शरीरमा लगाउने साबुनको विज्ञापन भने फिल्मका नायक/नायिका, मोडललाई अघि सारेर गर्ने गरिन्छ। कुनै खास किसिमको साबुन लगाएपछि अनुहारको रङ्ग गोरो, छाला नरम हुन्छ भनिएको हुन्छ। यस्तो लाग्छ, मानौं कुनै खास साबुन प्रयोग गरेपछि अनुहार नै फरक हुन्छ। अहिले आउने विज्ञापनहरूमा लक्स साबुनको विज्ञापन निकै न बढी छ।

विज्ञापनको भ्रममा परेर मानिसहरू 'ऐश्वर्या राय' जस्तो अनुहार पाउने आशामा साबुन प्रयोग गर्छन्। विज्ञापनमा भनिएजस्तो गोरो अनुहार साबुनले पार्न सक्दैन। किनभने, शरीरको छालाको रङ्ग त मानव शरीरमा भएको 'मेलानिन' नामक तत्त्वले गर्दा गोरो, गहुँगोरो वा कालो हुने हो। यसलाई बाहिरबाट साबुनले धोएर वा क्रिम लगाएर परिवर्तन गर्न सकिन्न।

# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – ६२

**जिल्ला प्रशासन कार्यालय पर्वत**

प्रदर्शनकारीहरूले जिल्ला पर्वत कुश्मा नगरपालिका वडा नं. ६ मैत्रीचोकस्थित ने.क.पा. एमालेको जिल्ला पार्टी कार्यालय, कुश्मा नगरपालिका वडा नं. ४ विधिमार्गमा रहेको नेपाली काङ्ग्रेसको जिल्ला पार्टी कार्यालय, कुश्मा न.पा. वडा नं. ५ दर्शनटोलमा रहेको माओवादी केन्द्रको जिल्ला पार्टी कार्यालय, मोदी गाउँपालिका वडा नं. २ स्थित गाउँ कार्यपालिकाको कार्यालय, कुश्मा न. पा. वडा नं. ४ शान्तिटोलस्थित युवराज जोशीको घर, कुश्मा नगरपालिका वडा नं. ७ फूलबारीस्थित पूर्वसांसद पदम गिरीको घर तोडफोड तथा आगजनी गरे। कुश्मा नगरपालिका वडा नं. ५ लोकतान्त्रिक चोकमा रहेको सहिद गोविन्दनाथ शर्मा र अमृतप्रसाद जोशीको सालिकमा समेत क्षति पुगेको छ।

**सुरक्षा निकायहरूको परिचालन र समन्वय**

२४ गते राति नेपाली सेना परिचालनपश्चात् यस जिल्लामा व्यक्तिगत रिसइबीका कारण कुनै पनि सार्वजनिक तथा व्यक्तिगत सम्पत्तिमाथि आक्रमण भएको छैन।

**जिल्ला प्रशासन कार्यालय, रूपन्देही**

२०८२/०५/२३ गते १३:५० बजे २०००/२५०० जना प्रदर्शनकारी सिद्धार्थनगर न.पा.-५ स्थित जिल्ला प्रशासन कार्यालय अगाडि पुगेका थिए। भिडले करिब १४:१५ बजे सिद्धार्थनगर न.पा.-५ मा रहेको नेपाली काङ्ग्रेसको पार्टी कार्यालयमा ढुङ्गामुढा गर्दा २ वटा झ्यालको सिसा फुटेको थियो भने ४ वटा गाडी, ३ वटा स्कुटी र १ वटा मो.सा. मा क्षति पुगेको छ।

२०८२/०५/२३ गते १७:३५ बजे सैनामैना न.पा.५ बुद्धनगरमा अ. ५००/६०० जना भेला भई कोणसभा र टायर बाल्ने काम गरेका थिए। १७:५० बजेको समयमा सैनामैना न.पा. १० सालझन्डी चोकमा अ. ३००/४०० जना भेला भई विरोध कार्यक्रम गरेका थिए।

२०८२/०५/२३ गते २०:३० बजे कर्फ्यु लागेको समयमा रूपन्देही तिलोत्तमा नगरपालिका ५ मणिग्राम चोकमा अ.२५०/३०० जना प्रदर्शनकारी सामाजिक सञ्जालको माध्यमबाट भेला भई सरकारविरुद्ध नाराबाजी तथा व्यक्तिको घरमा ढुङ्गामुढा गरेका थिए।

२०८२/०५/२४ गते ११:०० बजे निषेधाज्ञा जारी भएको समयमा अं. ५००० जना उपस्थिति थिए। चौराहाबाट सुरु भएको र्‍यालीले बुटवल उपमहानगरपालिकाको कार्यालय पुगी १४:३० बजे बुटबल ८ सुख्खानगरस्थित एमाले पार्टी कार्यालयमा पुगेर तोडफोड तथा आगजनी गर्‍यो। प्रदर्शनकारीहरूले करिब १५:०० बजेको समयमा बुटवल-७ दीप नगरस्थित जीवराज आश्रित भवनमा पुगेर तोडफोड गरे भने १५:४० बजे बुटवल-७ दीप नगरस्थित बी.पी. स्मारिकामा समेत आगजनी तथा तोडफोड गरे। १६:१५ बजे तिलोत्तमा -४ ड्राइभर टोलस्थित रहेको टुलिप होटेलमा तोडफोड गरे। १६:३५ बजे बुटवल - ९ बसपार्कस्थित आन्तरिक राजस्व कार्यालयमा तोडफोड तथा आगजनी गरी आन्तरिक राजस्व कार्यालयमा भएका सामान लुटपाट गरे। उक्त समयमा आन्दोलनकारी सङ्ख्या थप हुन गई अं. ७/८ हजार पुगेको थियो। १६:४३ बजे बुटवल ९ बसपार्कस्थित प्रहरी बिट बसपार्क र राष्ट्रिय अनुसन्धान कार्यालयमा तोडफोड, ढुङ्गामुढा गरे भने १७:३० बजे बुटवल ८ स्थित अख्तियार दुरूपयोग अनुसन्धान, प्रदेश कार्यालय, इलाका प्रशासन कार्यालय र मुख्यमन्त्रीको निवासमा आगजनी तथा तोडफोड गरे। १७:५० बजे बुटवल -८ मा रहेको डिभिजन वन कार्यालयमा समेत आगजनी, १७:५५ बजे बुटवल ८ विद्युत्चोकस्थित लुम्बिनी प्रदेश प्रमुखको कार्यालय तथा निवासमा रहेको उच्च अदालत बुटवलको कार्यालयमा तोडफोड तथा आगजनी गरे। १८:०० बजे हाटबजारस्थित रहेको बुटवल उपमहानगरपालिकाको कार्यालयमा, १३ स्थित रहेको मालपोत कार्यालयमा, वडा नं १३ मा रहेको यातायात कार्यालयमा तोडफोड तथा आगजनी गरे।

प्रदर्शनको क्रममा तोडफोड तथा आगजनीबाट बुटवल ३ गोलपार्कस्थित बहुमुखी क्याम्पसमा तोडफोड, बुटवल उपमहानगरपालिका बुटवलस्थित सुपरमार्केट (भाटभटेनी) समेत तोडफोड गरी सामान लुटपाट, बुटवल र मैनाबगरस्थित रहेको नेपाली काङ्ग्रेसको पार्टी कार्यालयमा तोडफोड र प्रहरी बिट अमरपथ तोडफोड तथा आगजनी भए।

२०८२/०५/२४ गते १६:४३ बजे बुटवल उ.म.न.पा.-९ बसपार्कस्थित अस्थायी प्रहरी बिट बसपार्कमा अं. ५००/६०० जना प्रदर्शनकारीहरूले तोडफोड गरे।

# कमैया मुक्त घोषणाको २६ वर्षपछि
# सुरक्षित घर, अधुरै छ सम्मानपूर्ण जीवनको खोजी

**- हरिश्चन्द्र बाग**

कञ्चनपुर। झन्डै नौ दशकको जीवनको अधिकांश समय अरूका खेतबारी र घरमा श्रम बेचेरै बित्यो। आफ्नै नाममा न घर थियो, न भविष्यको कुनै निश्चितता। २०५७ साउन २ मा सरकारले कमैया मुक्तिको घोषणा गरेपछि स्वतन्त्र जीवनको आशा पलायो। बस्नका लागि थोरै जग्गा पनि पाइयो। तर, सुरक्षित घर भने २६ वर्षसम्म सपना नै बनिरह्यो।

कञ्चनपुरको बेलौरी नगरपालिका-५ शोभाताल मुक्तकमैया शिविरकी करिब ९० वर्षीया उदासी चौधरी अहिले नयाँ पक्की घरको आँगनमा बस्दा विगतका सङ्घर्ष सम्झिन्छिन्। जीवनभर मालिकको घरमा श्रीमान्सँगै कमैया बनेर बिताएकी उनलाई मुक्तिको घोषणा भएको अढाइ दशक समय पनि कच्ची टहरामै जीवन गुजार्नुपर्‍यो।

वर्षायाम लागेपछि बाढी र डुबानले घर भत्किने चिन्ता, राति जङ्गली जनावर बस्ती पस्लान् भन्ने त्रास र हावाहुरी चल्दा छानो उड्ने डर उनका लागि सामान्य कुरा थिए। उमेर ढल्कँदै गए पनि सुरक्षित घरमा बस्ने चाहना पूरा हुन सकेको थिएन।

यस वर्ष भने उनको जीवनमा नयाँ अध्याय सुरु भएको छ। सरकारी तथा गैरसरकारी साझेदारीमा निर्माण भएको पक्की घर हस्तान्तरण भएपछि उनले पहिलो पटक सुरक्षित आवासको अनुभूति गरेकी छन्। उनका अनुसार घरले वर्षौंदेखिको असुरक्षा मात्रै हटाएको छैन, बुढ्यौलीमा सम्मानका साथ बाँच्ने आधार पनि दिएको छ।

उदासीको कथा एक्लो होइन। बेलौरी नगरपालिका-९ रामघाट मुक्तकमैया शिविरकी रीता चौधरीको परिवारले पनि पुस्तौंदेखि त्यही पीडा भोग्यो। उनका सासू-ससुराले जीवनभर साहु-महाजनकै घरमा काम गरेर परिवार चलाए। कमैया मुक्तिको घोषणापछि बन्धन त तोडियो, तर गरिबीको चक्र भने टुटेन।

छोराछोरी कच्ची घरमै हुर्किए। जङ्गलछेउको झुपडी, सधैँ जङ्गली जनावरको त्रास, वर्षायाममा चुहिने छानो, बाढीको जोखिम र असुरक्षित बसोबास उनीहरूको दैनिक यथार्थ बन्यो। अहिले भने नयाँ पक्की घर बनेपछि परिवारले भविष्यप्रति नयाँ आशा देख्न थालेको छ। रीता भन्छिन्, 'अब आफ्ना सन्तानलाई डर होइन, सुरक्षित घरमा हुर्काउन पाउने विश्वास जागेको छ।'

कमैया मुक्तिको घोषणा भएको २६ वर्ष पूरा हुँदासमेत कञ्चनपुरका धेरै मुक्तकमैया परिवार अझै कच्ची टहरामै बस्न बाध्य छन्। कतिपयले न्यूनतम आवास सुविधासमेत पाउन सकेका छैनन्। यद्यपि, केही वर्षयता स्थानीय तह, प्रदेश सरकार र विकास साझेदार संस्थाहरूको सहकार्यमा सुरक्षित आवास निर्माण अभियान अघि बढ्न थालेपछि केही परिवारको जीवनमा सकारात्मक परिवर्तन देखिन थालेको छ।

आर्थिक वर्ष २०८२/८३ मा बेलौरी नगरपालिका-५ मा १८ र वडा नम्बर ९ मा १७ गरी ३५ वटा सुरक्षित आवास निर्माण गरेर मुक्तकमैया परिवारलाई हस्तान्तरण गरिएको छ। ती घर निर्माणका लागि कुल ७१ लाख ७१ हजार ३ सय ९५ रूपैयाँ खर्च भएको नगरपालिकाले जनाएको छ।

सुदूरपश्चिम प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले ३१ लाख ५० हजार रूपैयाँ, बेलौरी नगरपालिकाले १३ लाख ५० हजार रूपैयाँ र हेविट्याट फर ह्युमिनिटी नेपालले १० लाख ८० हजार रूपैयाँ सहयोग गरेका छन्। लाभग्राही परिवारको श्रमदानको मूल्य १५ लाख ९१ हजार ३ सय ९५ रूपैयाँ बराबर रहेको छ।

बेलौरी नगरपालिकाका उपप्रमुख जोगराम चौधरीका अनुसार मुक्तकमैया परिवारमध्ये सबैभन्दा विपन्न र असुरक्षित अवस्थामा रहेका परिवार छनोट गरेर घर निर्माण गरिएको हो। सुरक्षित आवाससँगै उनीहरूको जीवनस्तर सुधार गर्ने लक्ष्य राखिएको उनले बताए।

यो अभियान यस वर्षबाट मात्र सुरु भएको होइन। आर्थिक वर्ष २०८०/८१ मा बेलौरी नगरपालिका-९ मा १० घर र बेलौरी नगरपालिका-१० मा ५ घर निर्माण गरिएका थिए। आर्थिक वर्ष २०८१/८२ मा बेलौरी नगरपालिका-५ मा १४ घर, वडा नम्बर ६ मा ५ घर, वडा नम्बर ७ मा ५ घर र वडा नम्बर ८ मा ५ घर निर्माण गरिएको हेविट्याट फर ह्युमिनिटी नेपालकी कार्यक्रम संयोजक सरस्वती पुरी बमले जानकारी दिइन्। उनका अनुसार मुक्त कमैया तथा अति विपन्न परिवारका लागि यस्ता घर निर्माण गरी हस्तान्तरण गरिएको थियो। चालू आर्थिक वर्ष २०८३/८४ मा वडा नम्बर १ देखि ४ सम्मका विपन्न परिवार पहिचान गरेर सुरक्षित आवास निर्माण गर्ने योजना रहेको पनि उनले बताइन्।

नेपालमा २०५७ साउन २ मा शेरबहादुर देउवा नेतृत्वको तत्कालीन सरकारले कमैया प्रथा अन्त्य गरी हजारौँ कमैयालाई मुक्त घोषणा गरेको थियो। त्यसयता उनीहरूलाई जग्गा वितरण, पुन:स्थापना र जीविकोपार्जनका विभिन्न कार्यक्रम सञ्चालन भए पनि धेरै मुक्तकमैया परिवार अझै गरिबी, बेरोजगारी र असुरक्षित आवासको समस्याबाट पूर्णरूपमा मुक्त हुन सकेका छैनन्। यो समुदायका अगुवाहरू मुक्ति घोषणा भए पनि सुरक्षित आवास, सम्मानजनक जीवन र अवसरको सुनिश्चितता अझै हुन नसकेको बताउँछन्।

*(हरिश्चन्द्र बाग कान्तिपुरका कञ्चनपुर संवाददाता हुन्।)*

**- 'कान्तिपुर' बाट**

# अमेरिका-इरान द्वन्द्व चर्किँदा कच्चा तेलको मूल्य उकालो

हङकङ, २० जुलाई (एएफपी)। संयुक्त राज्य अमेरिका र इरानबिच बढ्दो सैन्य तनावका कारण सोमबार अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य एक महिनायताकै उच्च बिन्दुमा पुगेको छ। यसैबिच, मध्यपूर्व युद्धको सम्भावित प्रभावको मूल्याङ्कन गरिरहेका लगानीकर्ताका कारण एसियाली शेयर बजारमा मिश्रित कारोबार भएको छ।

गत सातादेखि अमेरिका र इरानबिचको सैन्य टकराव चर्किएसँगै विश्वको समुद्री तेल आपूर्तिको करिब पाँचौँ भाग ओसारपसार हुने हर्मुज जलसन्धिमा अवरोध आउन सक्ने चिन्ताले कच्चा तेलको मूल्य बढाएको हो।

अन्तर्राष्ट्रिय मापदण्ड ब्रेन्ट कच्चा तेल र अमेरिकी मापदण्ड वेस्ट टेक्सास इन्टरमिडिएट (डब्लुटीआई) दुवैको मूल्य गत साताको अन्त्यमा चार प्रतिशतभन्दा बढीले बढेको थियो। सोमबार ब्रेन्टको मूल्य प्रतिब्यारेल ९१ अमेरिकी डलर नाघ्दै जुन ११ यताकै उच्च बिन्दुमा पुगेको छ।

यो वृद्धि अमेरिकाले इरानी सैन्य लक्ष्यहरूमा थप हवाई आक्रमण गरेपछि तथा इरानले खाडी क्षेत्रमा रहेका अमेरिकी तथा साझेदार राष्ट्रका सैन्य सम्पत्तिमाथि जवाफी आक्रमण गरेपछि भएको हो।

बजारमा बढ्दो भू-राजनीतिक तनावसँगै लगानीकर्ताहरू आर्थिक दृष्टिकोणबारे अन्योलमा छन्। उच्च तेल मूल्यले मुद्रास्फीति फेरि बढ्न सक्ने र केन्द्रीय बैङ्कहरूको ब्याजदर कटौतीको योजनामा असर पर्न सक्ने चिन्ता बढाएको छ।

एसपीआई एसेट म्यानेजमेन्टका विश्लेषक स्टिफन इनेसले भन्नुभयो, "बजारले एकैपटक दुई विपरीत अवस्थाको सामना गरिरहेको छ। एकातिर भू-राजनीतिक जोखिमले तेलको मूल्य बढाइरहेको छ भने अर्कोतर्फ अमेरिकी मुद्रास्फीति घट्दै गएको र श्रम बजार नरम बन्दै गएकाले व्यापक मुद्रास्फीतिको नयाँ चक्र सुरु हुने सम्भावना कम देखिन्छ।"

उहाँका अनुसार तेलको मूल्य लामो समयसम्म उच्च रहेमा त्यसले घरायसी खर्च घटाउन र आर्थिक वृद्धिमा दबाब सिर्जना गर्न सक्छ।

एसियाली शेयर बजारमा सोमबार मिश्रित कारोबार भयो। चीनले अर्थतन्त्रलाई थप प्रोत्साहन दिन नयाँ उपाय सार्वजनिक गर्ने अपेक्षाले हङकङ र साङ्घाईका बजारमा उल्लेखनीय वृद्धि भएको छ। हङकङको सूचकाङ्क दुई प्रतिशतभन्दा बढी र साङ्घाईको सूचकाङ्क एक दशमलव ३२ प्रतिशतले उकालो लागेको छ। ताइपेइ, मनिला र सिङ्गापुरका बजार पनि बढेका छन्।

यता सियोल, सिड्नी र वेलिङ्टनका बजारमा भने सावधानीपूर्ण कारोबार देखिएको छ। गत शुक्रबार वाल स्ट्रिटका तीनवटै प्रमुख सूचकाङ्क गिरावटमा बन्द भएपछि लगानीकर्ताहरू अझ सतर्क बनेका छन्।

यसैबिच, भू-राजनीतिक तनावका बाबजुद अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य शून्य दशमलव ४० प्रतिशतले घटेको छ भने चाँदीको मूल्य एक प्रतिशतले बढेको छ।

हार्दिक समवेदना



जन्म : १९९९ पुस १३
मृत्यु : २०८३ साउन ३

यस विद्यालयका शिक्षक **सूर्यबहादुर पञ्च**की ममतामयी माता **नानीमाया पञ्च**को असामयिक निधन भएको चौथो दिनको पुण्य तिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ।

**बाल विकास सेकेण्डरी स्कुल**
लिवाली, भक्तपुर

जनावरबाट सर्ने रोगविरुद्ध सावधानी अपनाऔं

- जनावरसँगको सम्पर्कमा सावधानी अपनाऔं,
- जनावर छोएपछि साबुनपानीले हात सफा गर्ने बानी बसालौं,
- पशुपन्छीको स्वास्थ्यमा नियमित ध्यान दिऔं,
- अस्वस्थ वा मरेका जनावरको सम्पर्कबाट टाढा रहौं,
- पशुजन्य खाद्य पदार्थ राम्ररी पकाएर मात्र खाने गरौं,
- पशुबाट मानिसमा सर्न सक्ने रोगबारे सचेत बनौं,
- जनावरमा असामान्य लक्षण देखिएमा सम्बन्धित निकायलाई जानकारी गराऔं।

जनावरको स्वास्थ्य, मानव स्वास्थ्यसँग जोडिएकोले सावधानी अपनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा